RIGHTS + RESOURCES

# हाम्रा अग्रजहरूको सिक्ने र बाँच्ने प्रज्ञान:

## एशियाको भूमि, वन र भूक्षेत्रका लागि युवाशक्ति

आदिवासी जनजाति र स्थानीय समुदायका प्रतिबिम्ब र सिफारिसहरु



# सहलेखकहरू

राइट्स एण्ड रिसोर्स इनिसिएटिभ्स
द्वारा प्रकाशित २०२३

थप जानकारी तथा उद्धरण सिफारिसको लागि कृपाय
"अनुसूची २ सहलेखकहरुका बारेमा (पेज ४९) मा हेर्नुहोस् ।

# विषयसूची


परिचय ........................................................ पेज 1

भाग १ आन्दोलनमा युवा ............................. पेज 6

भाग २ कार्यमा युवा .................................... पेज 16

भाग ३ नेतृत्वमा युवा ................................. पेज 24

निश्कर्ष .......................................................... पेज 32

कृतज्ञता ........................................................ पेज 33

अनुसूची १: पढ्नका लागि सिफारिस ......... पेज 35

अनुसूची २ सहलेखकहरुको बारे .................. पेज 37




# परिचय



मिनाहसा आदिवासी जनजाति युवा नेतृ नेदिन सुलुले इन्डोनेशियाको उत्तर सुलावेशीको आफ्नो गाउँका गाउँलेहरुलाई जब पहिलो पटक सोधिन के तपाईहरु जनजातिका लागि विद्यालय खोल्न चाहनुहुन्छ? गाउँलेहरु दोधारमा परे । तर भवन कहाँ छ त ?," जायफलको बोटमुनि भेला भएका उनीहरुले प्रश्न गरे ।

"के तपाईहरु यहाँ जायफलको बोट (पोहोन पाला)  को छहारी मुनि सहज महशुस गर्नुहुन्छ ?" उनले
प्रतिप्रश्न गरिन् । सहमतिका थुप्रै स्वरहरु कानमा गुन्जेपछि, उनले घोषणा गरिन्, त्यसोभए यही हाम्रो विद्यालय हो ।"

उनिहरुले सँगसँगै परम्परागत गीत र साहित्यमार्फत आफ्ना मातृभाषा सिक्न थाले । उनीहरुले आफ्ना साँस्कृतिक अभ्यास, खानपान र अभिव्यक्तिसम्बन्धी कागजपत्र जम्मा पारेर स्मार्टफोनबाट लघु चलचित्र बनाएर अनलाइनमा राख्न थाले । बूढापाकासँगको यात्रा र अनुभवले युवाहरुलाई आफ्नो क्षेत्रमा पाइने औषधी, वनस्पति र जंगली खाद्य वास्तु साथै त्यस क्षेत्रको पर्यावरणीय हेरचाह गर्ने अभ्यासबारे परिचित गरायो । नेदिनको अवलोकन अनुसार संस्कृतिले युवालाई पुख्योर्ली ब्रह्माण्ड विज्ञान र दर्शनशास्त्रसँग परिचित गराएर यस्तो ठाउँको सृजना गर्छ, जहाँ "आदिवासी जनजाति युवाहरुले हामी को हौं भनेर थाहा पाउँछन्, आफू र आफ्नो पहिचान, आफ्ना पुस्ता र भावी सन्ततिसँग सजिलै जोडिन्छन् ।"





एशियाभरी युवाहरुले आफ्नो समुदायमा यस्तै प्रकारको नेतृत्वदायी भूमिका देखाइरहेका छन् । नेदिन जस्ता युवाहरुले संरक्षण गर्न खोजेको भूमि, भूक्षेत्र तथा प्राकृतिक श्रोतको अन्तरपुस्ता सामूहिक शासन भावी सन्ततिका लागि अत्यन्त महत्वपूर्ण छ । यस प्रतिवेदनमा संस्कृति, जीविकोपार्जन र ब्रह्माण्डको आधारमा बन्ने पर्यावरणसम्म फैलीएको उनीहरुको प्रतिबद्धता देखाइएको छ । यद्यपी आर्थिक र राजनीतिकअगुवाहरु ती युवाहरुको मातृभूमिलाई लाभ र शक्ति आर्जनको बस्तुको रुपमा मात्र हेर्ने गर्दछन् । सामूहिक स्वशासनमा रहने आदिवासी जनजाति र स्थानीय समुदायलाई प्रायजसो नीतिगत, राजनीतिक र आर्थिक व्यवस्थाहरुबाट पन्छाउने गरिन्छ । ती व्यवस्थाले आफ्ना सामूहिक अधिकार र आत्मनिर्णयका लागि लड्नेहरुलाई सुरक्षा दिनुको सट्टा उल्टै जोसँग शक्ति छ, उसैको रक्षा गरेको देखिन्छ । परिणाम स्वरुप चरम संघर्षको उत्पत्ति हुन्छ ।

कडा संघर्ष पश्चात प्राप्त अधिकारहरुको रक्षा र खतरायुक्त धम्कीबाट बचावका लागि नयाँ पुस्ताका नेताहरुको उत्पादन गर्नै पर्ने आवश्यकतालाई आन्दोलनले जोड दिएको छ । यस प्रतिवेदनले सम्पर्कमा आएर प्रतिक्रिया जनाएका युवा कार्यकर्ताहरुको अनुभवलाई संकलन गरि पेश गरेको छ । यस प्रतिवेदनको उद्देश्य युवा कार्यकर्ताले रणनीतिकार, आविष्कारक, सर्जक, र परिचालकको रुपमा गर्नुपर्ने संघर्षका दौरान देखिने नेतृत्वका विभिन्न पाटालाई प्रकाश पार्नु हो । आदिवासी जनजाति र स्थानीय समुदायका युवाहरु आफ्नो लामो जीवन यात्राको एक भागको रुपमा यस संसारमा आफ्नो अस्तित्व बुझ्न, भूमि र क्षेत्राधिकारको सुरक्षा कार्यमा प्रायः आत्मप्रेरित भएर लाग्दछन् भनेर हामीले देखाएका छौं । युवाहरु हरेक तहमा सक्रिय छन् – स्थानीय समुदायको व्यवस्थापनदेखि लिएर विश्वव्यापी मञ्चसम्म । उनीहरु भित्र र बाहिर, प्रत्येक क्षेत्रमा परिवर्तन ल्याउन विभिन्न रणनीतिहरुको प्रयोग गरिरहेका छन् । यस प्रतिवेदनले युवा कार्यकर्ताबाट विश्व जगतलाई आफुहरु कसरी अन्तरपुस्तागत नेतृत्वमा काम लाग्न सक्दछन् भन्ने सिफारिस र सुझावहरुलाई समेटेर आधुनिक युवा नेतृत्वका पाँचवटा सिद्धान्तलाई प्रस्तुत गरेको छ ।



इन्डोनेशियामा भएको युवा नेतृत्व विकास (एकेडेमी अफ जेनुइन अग्रियन रिफर्म) कार्यक्रमको झलकहरु । तस्बिरः कोन्सरसियोम पेम्बारुवान अग्रारिया, २०२१ र २०२२ ।

यस प्रतिवेदनलाई एशियाभरीका १६ वटा संगठनहरु, सक्रिय युवा समूह, आदिवासी जनजाति सञ्जाल, र सहयोगी संगठनले मिलेर सहलेखन गरेका हुन् । राइट्स एण्ड रिसोर्सेस इनिसिएटिभ (आरआरआइ) ले २०२० मा म्यापिङ अभ्यासका रुपमा यसको शुरुवात गरेको थियो । कोभिड-१९ को महामारी ताका थुप्रै समूहले आफ्ना रणनीतिलाई अद्यावधिक र सुदृढ बनाएका थिए । यस प्रतिवेदनले "अघिल्ला" र "पछिल्ला" दुवैबाट प्राप्त निष्कर्षलाई समावेश गरेको छ । आरआरआइका दुवै साझेदारहरु एशिया इण्डिजिनियस् पिपल्स प्याक्ट (एआईपीपी) र आरइसीओएफटीसी औपचारिक रुपमा युवाहरुको फराकिलो साझेदारीका लागि २०२३ मा यस प्रतिवेदनमा संलग्न भएका हुन् । अन्तिम प्रतिवेदन तयार पार्न यस प्रक्रियामा सहभागी सबै समूहहरुले मिलेर सहलेखन गरेका छन्, यस प्रतिवेदनको मस्यौदा तयार पारिसकेपछि केही नयाँ सम्बन्धहरु बने । यस सम्बन्धी मूल सन्दर्भ श्रोत अनुसूची १ मा उल्लेख गरिएका छन् । सहलेखकहरुको सांगठनिक जीवनी बारे विस्तृत विवरण परिशिष्ठ २ मा राखिएको छ ।

**भाग १** मा युवाहरुको पुस्तैनी भूमि र क्षेत्रसँगको सम्बन्धमा असर पार्ने आर्थिक र सामाजिक तत्वहरुको संक्षिप्त विवरण पेश गरिएको छ । यस खण्डमा संस्कृति र पहिचानको महत्वलाई जोड दिदैं युवाहरुले भूमि, भूक्षेत्र र श्रोतमाथिको आफ्नो अधिकारका लागि अपनाउने विभिन्न मार्गहरुबारे छलफल गरिएको छ । यसले प्रशिक्षण र मार्गदर्शनद्वारा कसरी युवा नेतृत्वलाई सुदृढ पार्न सकिन्छ भन्ने विषयको पनि खोजी गर्दछ ।

**भाग २** ले युवाहरुको नेतृत्व यात्राबारे बर्णन गर्दै कम्बोडिया, इन्डोनेशिया र भारतबाट लिइएका कथाहरु वर्णन गर्दछ । युवाहरुले सामूहिक भूमि अधिकारका लागि देखाएका नेतृत्व क्षमताको हामीले खोजी गरेका छौं ।

**भाग ३** मा लेखकहरुले युवा संलग्नताका लागि आवश्यक पाँचवटा सिद्धान्त बारे प्रकाश पारेका छन् । यी सिद्धान्तले कसरी युवाहरु आफ्ना मान्छेलाई सहयोग गर्छन् भन्ने प्रश्नको जवाफ दिंदै भूमि अधिकारसम्बन्धी मापदण्ड जस्ता विद्यमान निर्देशिकामा थप्ने काम गर्दछ ।

लेखकहरुले विभिन्न स्थान, लिङ्ग, जाति, प्रजाति तथा विभेदका अन्य पक्षबाट आएका युवाहरुको कथा तथा अनुभवलाई प्रतिनिधित्व गराउने प्रयास गरेका छन् । यस प्रतिवेदनमा "युवा अभियानकर्ता" उल्लेख भएको स्थानमा अन्य युवाहरुलाई परिचालित गराउने अग्रज र युवा, दुवैलाई बुझ्न सकिन्छ । "युवा" भन्नाले अरु व्याख्या नभएसम्म, आदिवासी जनजाति र स्थानीय समुदायका (संयुक्त राष्ट्रसंघले परिभाषित गरेझैं) युवाहरु भनेर बुझ्न सकिन्छ । आशियान (एएसइएएन) युवा विकास सुचांकले १५ देखि ३५ वर्षसम्मका मानिसलाई युवा भनेर परिभाषित गरेको छ । "युवा" को परिचय कसैको उमेर भन्दा पनि उसको साझा अनुभवमा आधारित हुन्छ भन्ने कुरा समस्त लेखकहरुले महशुस गरेका छन् । एक आदिवासी जनजाति युवा नेतृ चन्द्र त्रिपुराले अन्तर्वार्तामा भनेकी छन्,




"युवालाई कसरी परिभाषित गर्नुपर्छ मलाई थाहा छैन, तर जब म यो शब्द सुन्छु, मभित्र ऊर्जाशक्तिको आभास हुन्छ ।"

पैतृक प्रज्ञान अनुसार, यहाँ चित्रित पानी स्याउको रूख उसको संरक्षण गरिरहेको कासेपुहान पासिर यूरिह आदिवासी समुदाय भन्दा पुरानो छ । इण्डोनेसियामा भएको सन् 2022 को ग्रीन क्याम्पमा सहरी युवाहरूले आदिवासी पाका व्यक्तिहरुबाट यो र यस्ता धेरै कुरा सिके। तस्बिर: इकी र आरएमआइ, २०२२ ।



# भाग १: आन्दोलनमा युवा



एशिया र बृहत रुपमा  भन्दा विश्वभरिकै आदिवासी जनजाति र स्थानीय समुदायका युवाहरु प्रायः असम्भव जस्तो लाग्ने सम्झौताहरुमा सहभागी हुन पुग्छन् । उनीहरु "आधुनिकता" र समुदायको अन्तरपुस्तागत सम्बन्धको कमजोर सन्तुलनलाई कायम राख्दै अगाडि बढ्दछन् । जीवनले जता डोर्‍याए पनि वित्तीय सुरक्षा, परिवारका सदस्यलाई सहयोग र आफ्नो घरसँग जोडी रहनु उनीहरुको प्राथमिकता हुन्छ ।

युवा अभियानकर्ताहरुले मूलधारे शिक्षालाई जीवनका प्रमुख प्रभावशाली तत्वको रुपमा व्याख्या गरेका छन् । बालबालिकालाई बाहिरी संसारसँग अन्तरक्रियाका लागि तयार पार्न परिवारले धेरैजसो मूलधारे शिक्षामा लगानी गर्ने गर्दछन् । यसका बावजुद ती विद्यालयहरु आदिवासी जनजाति र स्थानीय समुदायका युवाहरुलाई स्थानीय पर्यावरणीय ज्ञान, भाषा र साहित्यमा आधारित भूमिसँगको सम्बन्धमार्फत जीविकोपार्जनका बाटोतिर डोर्याउन असक्षम छन् । यस्ता विद्यालयहरु शहरी क्षेत्रमा जागिर खाने मानव संसाधनको उत्पादनमा मात्र केन्द्रित देखिन्छन् । ती विद्यालयहरु मातृभाषामा नसिकाइने राज्यको पाठ्यक्रममा निर्भर छन्, जसका कारण हानिकारक र विभेदकारी विचारधाराले प्रश्रय पाउने गरेको छ । अधिकांश आदिवासी जनजाति र स्थानीय समुदायका युवाहरु ती विद्यालयहरुमा हाँसोको पात्र बनेको र कमजोर शैक्षिक जगलाई आफ्नो अनुभवको रुपमा सम्झने गर्दछन् । यसले गर्दा उनीहरुमा स्कूल छोड्ने दर उच्च रहेको छ (अथवा सिधै भन्नु पर्दा, उनीहरुलाई जानाजान स्कूलबाट निष्काशित गराइन्छ) । आवासीय विद्यालयहरू समहितीकरण गराउने खालका हुन्छन्, जसले गर्दा बालबालिका उनीहरुले चाहेकै शिक्षा तर्फ ढल्कन्छन् र शारीरिक तथा वैचारिक रुपले आफ्ना समुदाय र संस्कृतिबाट टाढिन पुग्दछन् ।




निलगीरीसका विशेष रुपले कमजोर आदिवासी जनजाति समूहको महासंघ (पीभीटीजीएफ) का युवा अभियानकर्ताहरुले तयार पारेका चित्रकथा पुस्तकको नाम हो- आवर फरेष्ट ड्रिम्स (हाम्रो जंगलले सपना देख्छ) । उक्त पुस्तकमा एउटा हजुरआमा र मेधी नाम गरेकी नातिनी बीचको संवादलाई वर्णन गरिएको छ । हजुरआमाले उनीहरुको आदिवासी इतिहासको बारेमा स्व विस्तार बताए पछि, मेधी प्रतिक्रिया जनाउँछिन् :




"ओहो अज्जी (हजुरआमा), कति निर्दयी है! हामीले विद्यालयमा इतिहास पढ्दा यसबारे कहिल्यै पढेनौं त! हजुर जब मेरो उमेरको हुनुहुँदा, हजुरले प्रकृतिबाट सिक्नुभयो । आफ्नी आमा, अज्जी र वरिपरिका सबै छरछिमेकबाट सिक्नुभयो ।


अज्जी, आजभोली हामी भित्रै बस्छौं, कंक्रिटले घेरिएका छौं । गणित र इतिहास अधुरो लाग्छ । कसरी घरेलु उपचार गर्ने, माछा मार्ने भन्ने बारे सिक्न हामी आतुर छौं । आफ्नो मनको कुरा सुनेर अगाडि बढ्न चाहन्छौं ।"



समुदायको पुस्ता दर पुस्ता ज्ञान हस्तान्तरण गर्ने क्षमतामा विद्यमान व्यवस्था र प्रणालीले प्रभाव पारेको कुरा युवा अभियानकर्ताहरुले अनुभूत गरेका छन् । यसले आदिवासी जनजातिहरुको सामूहिक शासनमार्फत गरिने आत्मनिर्णयको अभ्यास पनि प्रभावित पारेको छ ।



ग्रामीण युवाका लागि आर्थिक अवसरहरुको अनिश्चितता व्यापक छ । कृषिबाट जीवनयापनमा भविष्य नदेखेका युवाहरु ठूलै संख्यामा बसाइसराइ गरिरहेका छन् । निश्चित पेशा प्रतिको लगाव, खर्च गर्नका लागि धैरै आम्दानीको लोभ अथवा स्वतन्त्रता खोज्दै युवाहरु स्थानान्तरण भइरहेका छन् । उनीहरुमाथि शिक्षामा गरिएको लगानी (ऋणको भार) ले गर्दा पनि एक प्रकारको जिम्मेवारीबोध भएको हुन्छ । यदि उनीहरुको परिवार अझै पनि साना पुस्तैनी जग्गामा खेतीपाती गर्दछन् वा जग्गाविहीन छन् भने कृषि पेशा उनीहरुका लागि झनै ठीक छैन । कतिपय युवाहरु शहरमा हुने बसाइसराइका जोखिमप्रति पनि अनभिज्ञ हुन्छन् । समुदायभन्दा बाहिर आएपछि उनीहरुले भेदभाव, शोषण र हिंसालगायतका विभिन्न चक्रहरुलाई सावधानीपूर्वक पार गर्दै अगाडि बढ्नु पर्ने हुन्छ । उनीहरुले सुरक्षित मञ्च भेटाएपनि, कसैले बजारको माग अनुसार सीप तथा दक्षता नभएको थाहा पाउँछन्, भने कसैले विभेद र लाञ्छानको सामना गरिरहनु पर्ने हुन्छ । यस्तो अबस्थामा युवाहरु आफ्नो पहिचान र आकांक्षाप्रति नैं प्रश्न गर्न थाल्छन् ।



शोभा मदान बेट्ट कुरुम्बाका युवा अभियानकर्ता र **आवर फरेष्ट ड्रिम्सका** अग्रणी लेखकमध्येकी एक हुन् । युवा नेतृत्वको शुरुवात कहाँबाट गर्ने भन्ने विषयमा उनी भन्छिन्, "मानिसलाई तिनीहरुको हक अधिकारबारे बुझाउनु धैरै गाह्रो छ; सर्वप्रथम त हामी को हौं भनेर बुझ्न जरुरी छ ।"


## संस्कृति , गरिमा र उपचार

अर्चना सोरेङ्ग बुझाउँछिन्, "आदिवासी युवाका लागि आफ्ना अग्रज नै आत्मज्ञान र विश्वज्ञान देखाउने आँखीझ्याल हुन् ।" संयुक्त राष्ट्र संघमा जलवायु सम्बन्धी युवा प्रतिनिधित्वको उच्च तहमा पुगेकी अर्चना विश्वव्यापी जलवायु न्याय आन्दोलनको एक सशक्त युवा आवाज हुन् । शैक्षिक र पेशागत मार्गदर्शकका रुपमा जे गरेपनि जीवनको चूनौतिहरु कसरी सामना गर्ने भनेर प्रज्ञानका लागि उनले आफ्नो परिवार र खडिया आदिवासी समुदायबाट सिक्ने गर्छिन् ।

जब युवाहरु मूलधारमा संलग्न हुन्छन्, उनीहरु कहिलेकाहिँ आफू को हुँ र के चाहन्छन् भनेर प्रश्न गर्न थाल्छन् । यसले गर्दा उनीहरु भित्र ज्ञानको प्यास जाग्छ र आफ्ना अग्रजसँग यस विषयमा कुराकानी गर्न प्रेरित हुनुका साथै आफ्ना भूमि, समुदाय र क्षेत्रसँग पुनः जोडिन पुग्दछन् । यस प्रक्रियामा युवाहरु संस्कृतिको पुनर्जागरणका लागि वकालत गर्न सक्षम हुन्छन् । इन्डोन्शियामा भएको स्मार्टफोन आन्दोलन र भारतको आदिवासी दृश्यम जस्ता सामाजिक सञ्जालका पहलहरुले आदिवासी र गैरआदिवासी दुवै खाले दर्शकका लागि सिर्जनशील सामग्रीहरु पस्केको छ । यसले परम्परागत ज्ञानलाई मौलिक तरिकाले चित्रण गर्दै पहुँचको सुनिश्चित गर्नुका साथै मौखिक कथा, नृत्य र पाककलाबाट अन्य युवालाई सांस्कृतिक रुपमा साक्षर बनाउन सघाउ पुर्याएको छ । बंगलादेशमा आदिवासी युवाहरुले कोभिड-१९ का बेला राहतका लागि चन्दा संकलन गर्न फेसबुक लाइभबाट परम्परागत नृत्य प्रस्तुत गरेका थिए ।



संस्कृतिमाथि पुनः हकदाबी गर्नु र पहुँच स्थापित गर्नु नै आफ्नो पहिचान र समुदायको सम्मान गर्ने महत्वपूर्ण खुड्किलो हो । संस्कृतिको पुनरुत्थान र पुनर्स्थापनाले अग्रज तथा युवाहरुबीचको सम्बन्ध सुदृढ हुन्छ । यसले आत्मनिर्णयको क्षमता र गरिमाको वृद्दि गरि युवाहरुलाई मूलधारमा संलग्न हुन सघाउँदछ, समुदायले सामना गर्नु पर्ने चूनौतिपूर्ण राजनीतिक वातावरणमा यो आवश्यक छ । केही युवाले सानो उमेरमै ठूलो क्षतिको अनुभव बटुलेका छन् । केहिले भने आफ्नो परिवार र अग्रजले जीवनभर भूमि अधिकारका लागि संघर्ष गरेको देखेका छन् भने कसैले आफ्नो समुदाय माथि विभेद, लाञ्छना र हिंसाका दुष्प्रभावहरु देखेका छन् । अधिकांश युवा अभियानकर्ताहरुले आफ्नै समुदायका सदस्यहरुले जबरजस्ती भूमि कब्जा र शोषणको आघात झेल्ने क्रममा अपनाउने मदिरा पानको (जाँड रक्सीको) कुलत जस्ता हानिकारक उपायको निन्दा गरेका छन् ।




केही युवाले अलि अमूर्त अर्थमा क्षतिको अनुभव गरेका छन् । नेपालको आदिवासी जनजाति युवा नेतृ सबारानी महर्जन काठमाडौंको शहरी क्षेत्रमा बसोबास गर्ने नेवा समुदायमा हुर्किन् । उनी सुनाउँछिन्, "म पुस्तौंदेखि कृषि पेशा अंगाल्दै आएको कृषक जातिमा जन्में तर मैले न त हाम्रा पुर्खाको खेतबारी देखेको छु, न त हाम्रा मान्छेले खेती किसानी गरेको नै ।" अहिले उनी टुटेको यस धागो तारलाई जोड्न खोज्दैछिन् ।

दक्षिण-पूर्वी मिनाहसाका मिनाङ्ग आदिवासी युवालाई अन्तरपुस्तागत सिकाइमार्फत अग्रजहरुसँगको सम्बन्धलाई बलियो बनाउँदै आफ्ना जीवन पद्धतीलाई दस्तावेजीकरण गराउन बिपानले तालिम दिदैं । यस तस्बिरमा युवा आदिवासी चलचित्रकर्मीहरुले जीविकोपार्जनका लागि सुकेको नरिवलको परम्परागत महत्त्वलाई खिचेका छन् । तस्बिरः ब्रिको पोगागा, २०२३ ।



इन्डोनेशिया द्वीप समूहका आदिवासी युवा मोर्चा (बीपान) का भूतपूर्व राष्ट्रिय सभापति जोन्तोनी तारिहोराक र युवा अभियानकर्ता तानो बताकले एकपटक युवाले आफ्नो मौलिक पहिचान र संस्कृतिलाई अंगाल्न थाले भने आफ्नो क्षेत्रसँग उनीहरु स्वतः जोडी हाल्ने बुझेका छन् । उनी व्याख्या गर्छन् "हामीसँग सामूहिक सपना छ । हामी हाम्रो आफ्नै भाषा बोल्न, नाच्न, हाम्रो आफ्नै लुगा लगाउन चाहन्छौं, र हामी हाम्रो आफ्नै भूमिमा जीवन निर्वाह गर्न चाहन्छौं र त्यो हामीले गर्दै आएका पनि छौं । यदि हामीले हाम्रा भूक्षेत्रहरू गुमायौं भने, हामीले यी सबै गुमाउनेछौं ।"

"यदि मैले हार मान्ने हो भने, अर्को पुस्तासम्म मेरो संस्कृति लोप भएर जानेछ," नेदिन थप्छिन् । इन्डोनेशियामा हाल भइरहेको पाम तेल खेतिको आक्रामक विस्तार, अन्य कृषि व्यवसायहरु तथा वन संरक्षण आदि जस्ता गतिविधिहरुले गर्दा आदिवासी जनजाति र स्थानीय समुदाय आफ्ना पुर्ख्यौली भूमिबाट वञ्चित हुन बाध्य हुनुपरेको कुरालाई मध्यनजर गर्ने हो भने उनको भनाइ बनावटी लाग्दैन । बंगलालादेशकी आदिवासी युवा नेतृ तथा परम्परागत नर्तक चन्द्रा त्रिपुरा यस कुरामा सहमति जनाउँछिन् । उनी सोध्छिन्, "यदि झूमका लागि (खोरिया खेती) भूमि नै नरहने हो भने, झुम नृत्यको के हुन्छ?" कृषि–पर्यावरणीय र साँस्कृतिक महत्व हुँदाहुँदै पनि उनको मातृभूमिमा दक्षिण र दक्षिणपूर्वी एशियाका अरु देशहरुमा जस्तैगरी बलजफ्ती परम्परागत खोरिया खेती हटाइएका छन् ।



भारतको ओडिशामा अर्चना सोरेङ्ग आफ्नी हजुरआमासँग अन्तरपुस्तागत प्रज्ञान र परम्परागत जीवनपद्धतिबारे सिक्दै छिन् । तस्बिरः उषा सोरेङ्ग, २०२२ ।

इन्डोनेशियाको पूर्वी नुसा टेङ्गारामा बिपानका आदिवासी युवा र बालबालिकाहरु परम्परागत खेल मोल्लो सिक्दै छन् । समुदायले परम्परागत ज्ञान र खाद्य सम्प्रभुतामा आधारित सामाजिक संस्थाको पनि विकास गरेको छ । फोटो क्रेडिटः मिसेलिन सेल्लटा, २०२२ ।

आइसा मारियानो फिलिपिन्सको कर्डिलिएरा क्षेत्रकी कन्कना-ए युवा नेतृ हुन् । ग्लोबल इन्डिजेनस युथ: थ्रु दियर आइज (२०१९) मा आफ्नो अध्याय "क्यारिङ अन द फाइट" मा उनले आदिवासी संस्कृति, अधिकार र न्यायबीच कस्तो अन्तर सम्बन्ध छ भन्ने कथा बताउँछिन् । सन् २०१४ मा उनी विश्व बैंकको लगानी रहेको चिको बाँध  र कर्डिलिएरा राज्यमा निजी कम्पनीद्वारा अवैध काठ तस्करीको विरुद्ध आदिवासीहरूको लडाइको बारेमा देखाउने शहरी नाटकको एक हिस्सा थिइन् । "कथा आँखा खोल्ने खालको थियो," उनी लेख्छिन् । एकातिर, आफ्ना नवजात शिशुहरू बोकेर अग्रपंक्तिमा लड्ने आमाहरूबाट उनी प्रेरित छिन् भने अर्कोतिर रणनीतिक सुझबुझ र जानकारी भएका युवाहरूसँग पनि उत्तिकै प्रभावित छिन् । उनी पनि अग्रपङ्क्तिकै एक महिला भएकाले आदिवासी जनजातिहरूले यस्तो विनाशकारी परियोजना विरुद्ध डटेर सामना गरेको र रोकेकोमा गर्वको महसुस गर्छिन् । त्यस प्रदर्शनमार्फत, उनी सम्झन्छिन्, "मैले आदिवासी जनजातिहरूको सामूहिक कार्यको शक्ति महसुस गरें । यी कथाहरू युवा पुस्तासम्म पुर्‍याउनै पर्छ भन्ने लाग्यो ।"



## युवा पुस्ताको नयाँ नेताको निर्माण



एसियाभरी नै आदिवासी जनजाति, किसान, भूमिविहीन, माछुवारलगायतका समुदायहरु स्थापित सामाजिक आन्दोलनमार्फत न्यायका लागि लड्दै आएका छन् । आन्दोलनका अगुवाहरु र नागरिक समाजले युवालाई आन्दोलनको भावी पुस्ताको रुपमा लिएका छन् । एआईपीपीका महासचिव तथा नागा अगुवा गम शिमरेले युवाबाट नै आदिवासी समुदायले शक्ति प्राप्त गर्ने गरेको सम्झन्छन् । "यसलाई हाम्रो विश्व दृष्टिकोणको एक अंगको रुपमा बुझेका छौं", उनी भन्छन्, "युवामार्फत नै हामीले आफ्नो भविष्य सुनिश्चित गर्न सक्छौं ।" सहयोगी संगठनहरु पनि यसमा समर्थन जनाउँछन् । "समाजलाई आकार प्रदान गर्ने शक्ति हामीसँग छ, वर्षौंअघि हामीले सँगै देखेका सपनालाई साकार पार्न युवाहरु परिवर्तनका सक्रिय कर्णधार हुन्," आरइसीओएफटीसीका डा. डेविड गन्ज भन्छन् ।


डपायन ति कल्चरा इति कोर्डिलिएरा (डिकेके) अर्थात कोर्डिलिएरा संस्कृतिका लागि पिपल्स् सेन्टरका नाटक टोलीसँग अभिनय गर्दै, आइसा मारियानो । उक्त प्रस्तुति पिपल्स् कोर्डिलिएरा दिवसको वार्षिकोत्सवको एक अंग थियो । यस दिवस हरेक वर्ष ठूला परियोजना विरुद्ध लड्ने आदिवासी जनजाति समुदायका नायकहरुको सम्मानमा २४ अप्रिलका दिन मनाइने गरिन्छ । तस्बिर: रकी डालोब, २०१४ ।

थाइल्याण्डमा भएको टोङ्क्ला युवा सन्जालको युवा सभा । तस्बिर: एआईवाइपी, २०१९ ।

आरआरआई गठबन्धनका थुप्रै अधिकारबाहक संगठनहरुसित दोश्रो पङ्क्तिको नेतृत्व निर्माण गर्ने विशेष राजनैतिक शैक्षिक कार्यक्रमहरु छन् । उदाहरणका लागि, इन्डोनेशियाको कृषि आन्दोलन कन्सोरियम पेम्बारुवान अग्रारिया (केपीए)ले युवाहरुका लागि वास्तविक कृषि सुधार (जेनुइन अग्रेरियन रिफर्म) शिक्षा सञ्चालन गरिरहेको छ । यो शिक्षा खासगरी किसान युनियन र आदिवासी जनजातिका युवाहरुको लागि हो । त्यस्तैगरी, आफ्नो क्षेत्रमा वकालत गर्न सक्षम बनाउन युवाहरुलाई अर्धन्यायिक शिक्षाको सञ्चालन गरिरहेको छ । साथै, स्थानीय समुदायलाई नक्सा बनाउन र संगठन सञ्चालन कार्यामा सघाउन किसान युनियनबाट दक्ष युवा कार्यकर्तालाई पनि खटाउने गरिन्छ । इन्टर्नशिप र फेलोशिप जस्ता कार्यक्रमले नीतिगत मामिलाहरु र कृषि सुधार आन्दोलनका बारे युवाहरुमा जागरुकता ल्याएको छ । यसका साथै केपीएले अन्य विषयमा काम गर्ने विद्यार्थी संगठनहरुसित आन्दोलनले गठबन्धन पनि निर्माण गरेको छ ।



क्षेत्रीय तथा विश्वव्यापी प्रशिक्षण कार्यक्रमहरुले उदयमान युवा नेताहरुलाई महत्वपूर्ण सिकाईको अवसर दिन्छ । एशिया युवा आदिवासी जनजाति सञ्जाल (एवाइआईपीएन, यसअघि विगतमा एपीआईवाइएन अर्थात एशिया प्यासिफिक आदिवासी युवा सञ्जाल), एशियाका आदिवासी युवाका लागि बनेको सबैभन्दा पुरानो क्षेत्रीय संगठन हो । औपचारिक रुपमा यसको घोषणा २००७ मा भएको थियो । यसको मूल शुरुवात कोर्डिलिएरा जनता गठबन्धन- युवा आयोग, २००२ ले आयोजना गरेको प्रथम आदिवासी युवा सम्मेलनबाट भएको हो । भूमि अधिकारलगायत गम्भीर मुद्दाहरुमा आफ्नो आवाज सशक्त पार्न एवाइआईपीएनले एशियाभरिका युवाहरुका लागि कार्यक्रमको आयोजना गर्ने गर्दछ ।



एआईपीपी १४ वटा राष्ट्रबाट आएका ४६ वटा आदिवासी जनजाति आन्दोलनको एउटा गठबन्धन हो । क्षेत्रीय स्तरमा युवा नेतृत्व विकास गर्न यसले सुरुमा राष्ट्रिय स्तरको प्रशिक्षणहरु आयोजना गरेको छ । अग्रजलाई शिक्षक वा मार्गदर्शक मान्ने फिलिपिन्सको शिक्षणविधिलाई यसले अपनाएको छ । प्रशिक्षार्थीले समुदायभित्र प्रशस्त समय दिंदै "हामी अहिले कहाँ छौं?" र "भविष्यमा हामीले के गर्न आवश्यक छ?" भन्ने जस्ता प्रश्नको उत्तर खोज्दछन् । राष्ट्रिय तहमा पर्याप्त युवा नेतृत्वको विकास भइसकेको कुरा ठम्याइसके पछि मात्र एआईपीपीले क्षेत्रीयस्तरतिर कदम चाल्यो । सन् २०१९ मा एआईपीपीको क्षेत्रीय युवा नेतृत्व प्रशिक्षण र युवा सम्मेलनमा एशिया आदिवासी युवा मञ्च (एआईवाइपी) को स्थापना भयो । एआईवाइपीको रणनीतिक कार्ययोजनाभित्र मातृभाषामा आधारित शिक्षादेखि भूमि आधिकारको वकालत र दिगो जिवीकोपार्जन जस्ता कार्यहरु रहेका छन् ।

केपीएका किसान युनियनका सदस्यहरुले इन्डोनेशियाको पश्चिमी जावा, गरुत, चिसोम्पेत गाउँमा जून २०२३ मा कृषि सुधार प्राथमिकता स्थानको नक्सा तयार गर्न ड्रोन प्रविधिको प्रयोग गर्दैछन् । तस्बिर: केपीए, २०२३ ।



एवाइआईपीएन र एआईवाइपी जस्ता क्षेत्रीय संगठनहरु नेतृत्व विकासका महत्वपूर्ण ठाउँ हुन्, जसले युवाहरुलाई आफ्ना गाउँ, वासस्थान र समुदायले सामना गरिरहेका मुद्दाहरु तहगत प्रकृतिको छ भनेर बुझ्न मद्द गर्छ । क्षेत्रीय र विश्वव्यापी संलग्नताले उनीहरुको स्थानीय लडाइ लड्ने प्रतिबद्धता थप दृढ बन्छ । त्यस्तैगरी अन्य देशका युवाहरुसित पनि उनीहरुको सम्पर्क र सम्बन्ध कायम हुन्छ, यसले उत्तर- दक्षिणी जलवायु न्याय विशपव्यापी मुद्दाहरुमा काम गर्न सघाउ पुर्याउछ । यस्तै सम्बन्धमार्फत उनीहरुले सुरक्षित तरिकाले आफ्नो पहिचान खुलाउने र अर्काको पहिचान स्विकार्ने छन् ।

प्रशिक्षण र नेतृत्व विकासका कार्यहरु तबमात्र प्रभावकारी साबित हुन्छन् जब युवाहरुभित्र आत्मउत्प्रेरणा र बौद्धिक प्यास जाग्नेछ । यस अबस्थामा तिनीहरुले आफ्ना अग्रज, आफुहरु एकअर्कालाई र आफैलाई पनि प्रायः आश्चर्यचकित तुल्याउँछन् । एक युवा अभियान कर्ता आदिवासी युवाका लागि आयोजित एक प्रशिक्षणको क्षण सम्झन्छन्ः "एउटा सत्रमा युवाहरुलाई अग्रजसँग प्रश्न गर्ने अवसर दिइएको थियो । एक्कासी उनीहरुले गहिरो दार्शनिक प्रश्न सोध्न थाले, जस्तै, 'हामी कहाँबाट आएका हौं? हामी कता जानेछौं?' सबै अग्रजहरु छक्क परे!




रणनीतिक कार्ययोजनाको समीक्षा गर्दै एवाइआईपीएन परिषद्का अगुवाहरु । तस्बिरः एवाइआईपीएन, २०१९ ।
थाइल्याण्डको चेङमाईमा सम्पन्न दोश्रो वार्षिक युवा सम्मेलनमा एशियाका आदिवासी युवा मञ्च आफ्नो रणनीतिक कार्ययोजना प्रस्तुत गर्दै । तस्बिरः एआईपीपी, २०२२ ।

## मार्गदर्शक सहयोगले निर्णय गर्ने अवसरहरूको खोजी

जब युवाहरु आफु संलग्न हुने ठाउँको खोजीमा हुन्छन्, त्यसलाई भेटाउन आवश्यक पनि छ । एपीआईवाइएनको शुरुवात ताका २००७ मा नर्सिङका विद्यार्थी तथा आदिवासी जनजाति नेता चेष्टर मार्क तुआजन आफ्ना युवा मित्रहरुलाई सम्झाउँथे, "युवाहरुलाई परामर्श प्रक्रियामा मात्र हैन आधारभूत निर्णय प्रक्रियामा पनि सहभागिता जनाउने अवसरहरु प्रदान गर्न जरुरी छ ।" सामाजिक आन्दोलनहरुले युवालाई विभिन्न चरणमा आफ्ना शासन प्रणालीसित प्रत्यक्ष साक्षत्कार गराउँछ । ती प्रणालीहरु लैङ्गिक समानताका व्यवस्थाले भने अनुसार आन्दोलनको नेतृत्वमा माथिल्लो तहमा महिलाहरुको सुनिश्चतता हुनुपर्छ भन्ने कुरासँग भने मेल खाँदैन । युवाहरुले स्थानीय तह, सामाजिक आन्दोलन र प्रथाजन्य संस्थाहरुमा पनि अबरोधको सामना गर्न बाध्य छन् । "केही समुदायले अचेल आदिवासी युवालाई बोल्ने, काम गर्ने र समुदायका मुद्दा मामिलामा निर्णय गर्ने स्वतन्त्रता दिने गरेतापनि सुधार गर्नुपर्ने ठाउँहरु प्रशस्त छन्," आइसा मारियानो भन्छिन् ।




यस्ता जटिल आयामहरुबाट पार पाउन मार्गदर्शन (मेन्टरसिप) आवश्यक हुन्छ । मार्गदर्शकहरुले युवालाई गल्ती गर्ने र सिक्ने ठाउँ दिन्छ । दक्षिण भारतकी पनिया आदिवासी युवा नेतृ लक्ष्मीले आफ्नो यात्रामा आन्दोलनका मार्गदर्शकहरुको महत्व बुझिन्, उनी भन्छिन्, "म यो कामबाट बाहिर निस्कने बारे सोच्ने गर्थे। मेरा 'अग्रज दिदीहरु'ले मलाई सल्लाह सुझाव दिन्थे र म मात्र सुनेर बस्थे ।" जब युवाहरुलाई सोध्ने गरिन्छ कि उनीहरुलाई कसले प्रेरित गर्छ, प्रायले शक्ति संरचनालाई ठूलो वा सानो तरिकाले चूनौती दिएका आफ्ना परिवार र हजुरबुवा पुस्ता सम्झन्छन् । स्थापित अधिकारबाहक संगठनका नेताहरुले आफ्ना युवा समुदायका सदस्यहरुलाई सही बाटो देखाउन मार्गदर्शन प्रदान गर्छन् । समुदाय भन्दा बाहिरको शक्ति संरचनामा पुगेका आदिवासी जनजाति र समुदायका मार्गदर्शकहरुले (जस्तै, सरकार वा शैक्षिक संस्थानमा) आफुले ओगटेका पदमा पुग्न गरेका संघर्ष कथाहरु सुनाउने गर्छन् र युवालाई पनि त्यता लाग्न प्रेरित गर्छन् । मूलधारका मार्गदर्शकहरुले पनि आदिवासी युवालाई उनीहरुलाई बाहिस्करण गरिएका स्थानमा पहुँच पुर्‍याउन महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

अन्तरपुस्ता सम्बन्धबाट युवाले आफुहरु एक्लै नभएको कुरा थाहा पाउँछन् । उनीहरुभित्र युवा नेतृत्व निर्माणमा अन्तरपुस्तागत एकताको महत्त्व कति छ भन्ने राजनीतिक सचेतनाको विकास हुन्छ । "आदिवासी जनजाति र स्थानीय समुदायको सशक्तिकरण एकीकृत अन्तरपुस्तागत प्रयास हो" एशिया आदिवासी युवा मञ्च र फिलिपिन्सको कोर्डिलिएरा, इफुगाओ प्रान्तका नेड तुगिनेको बुझाइ छ, "जब हामी एक हुन्छौं हामी शक्तिशाली बन्छौं ।"

नेपालका आदिवासी जनजाति पत्रकार खिम घले सिप्रेडले आयोजना गरेको क्षमता अभिबिद्ध कार्यशाला गोष्ठीमा मिडिया वकालत सम्बन्धी प्रशिक्षण दिंदै । तस्बिरः आङनिमा लामा, २०२१ ।

केही वर्षभित्रै नेतृत्व प्रशिक्षणमा सहभागी युवाहरु सहजकर्तामा परिणत हुन्छन् । उनीहरु एक अर्कालाई र पछिल्ला पुस्तालाई प्रकृति मातासँग मिलेर रहनुको महत्व सम्बन्धी ज्ञान हस्तान्तरण गर्न सक्षम हुन्छन् । जलवायु परिवर्तन जस्ता मुद्दाको विषयमा आफ्ना युवा सहपाठीहरुको चेतना अभिवृद्धि गर्न सक्क्षम हुन्छन् । उनीहरुले एक अर्कालाई शक्तिको संरचना र अन्तरबैयक्तिक द्वन्द्वहरु समाधान गर्न सक्न्छन् । त्यस्तैगरी श्रोत, लगानी र सामाजिक पूँजीको पहुँच कायम गराउन एक अर्कालाई मद्धत गर्छन् । युवा उद्यमीहरुले लचिलो स्थानीय अर्थतन्त्रको निर्माणमा आफ्ना समुदायलाई संलग्न गराउँदछन् । अधिकांश युवाहरु आफ्ना आमाबुवा, भाइबहिनीहरु र समस्त परिवारको अबस्था उकास्ने कार्यमा प्रत्यक्ष संलग्न हुन्छन् । यस प्रकार एउटा युवाले अर्को युवालाई मार्गदर्शन प्रदान गर्दछ । युवाहरुसँग आफ्नो नेतृत्व विकासलाई सघाउ पुर्‍याउनेगरी सशक्तिकरणको स्थानबाट मुलधारमा संलग्न हुन प्रशस्त अवसरहरु रहेका हुन्छ । यसको एउटा उदाहरणको रुपमा काठमाडौंमा हालै मात्र काठमाडौं विश्व विद्यालयको स्कूल अफ एजुकेशनले सुरु गरेको 'आदिवासी जनजाति शिक्षा र विकास' विषयको स्नात्तकोत्तर कार्यक्रमलाई लिन सकिन्छ ।



यद्यपी यस्ता अवसरहरु वा सहयोग संरचनासम्मको पहुँच सबैलाई युवाहरुलाई प्राप्त हुँदैन । युवाहरु वास्तविक अर्थमा सशक्त हुन संघसंस्थाले तिनीहरुलाई महत्त्वपूर्ण योगदानकर्ताको रुपमा स्वीकार्नु पर्दछ । यस विषयमा एआईपीपी, आरईसीओएफटीसी र आरआरआईका कार्यकारी नेतृत्वले २०२३ को अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा बोलिसकेका छन् । युवाहरुका आवाजलाई सुन्न र साच्चै सम्मान गर्न उनीहरुलाई मञ्च प्रदान गर्दै यी संस्थाहरुले अन्य संगठनहरुलाई पनि आफुसँगै उभिन निमन्त्रण गरेका थिए । यसले युवाहरुलाई आत्मविश्वासको भावना जगाउँदै नेतृत्वकारी भूमिका निभाउन र आफ्ना समुदायमा सकारात्मक परिवर्तन ल्याउन उत्प्रेरित गरेको छ । समकक्षी साथीभाई र मार्गदर्शकको उचित साथ र मार्गदर्शनले उनीहरु चुनौति पार गर्दै नीतिगत तहमा प्रभाव पार्न सक्षम हुन्छन् र विभिन्न विषयमा परिवर्तनको वकालत गर्न सक्ने हुन्छन् ।

आरआरआईकी संयोजक डा. सोलान्ज बन्दियाकी बदजीका अनुसार समावेशी गठबन्धनको निर्माण अन्तरपुस्तागत ज्ञानको आदानप्रदान र नेतृत्व निर्माणका लागि महत्वपूर्ण छ । "हामीलाई नयाँ पुस्ताका नेताहरुको खाँचो छ," उनी भन्छिन्, "हामीलाई अग्रजलाई सुन्ने र उनीहरुबाट सिक्ने युवाहरु र आफुलाई परिवर्तन गर्न र ज्ञानको दायरा फराकिलो पार्न तयार अग्रजहरुलाई एक ठाउँमा ल्याउने अन्तर्राष्ट्रिय गठबन्धनको आवश्यकता छ ।"

नेपालको लमजुङकी मुना दुरा सिप्रेडले आयोजना गरेको क्षमता विकास प्रशिक्षणमा आफ्नो समुदायमा जलवायु परिवर्तनले पारेका प्रभावबारे प्रस्तुती दिंदै । तस्बिरः आङनिमा लामा, २०२१ ।

# खण्ड २: युवाको सक्रियता



जब आफ्नो भूमि, वनजंगल र श्रोतसाधनमाथि खतरा देख्छन्, तब युवाहरु सक्रिय हुन्छन् । प्रत्येक सन्दर्भका आफ्नै चूनौतिहरु हुन्छन् । म्यानमारमा आदिवासी युवाहरु सैनिक द्वन्द र सरकारी दमनबाट पीडित भई भूमि छोड्न बाध्य भएका छन् । नेपालमा युवाहरुले विदेशमा देखेका आर्थिक अवसरहरुका कारण अनिश्चित ज्याला मजदुरीका लागि गइरहेका छन् । भारतमा बढ्दो संरक्षण क्षेत्रका कारण पर्यावरण जोगाउने समुदाय आफ्नो जीवनपद्धतिबाट बिमुख हुन बाध्य छन् ।

नेड टुगुइनेका अनुसार युवाहरु युवा जस्ता पनि देखिदैनन् किनकी उनीहरु छिटो हुर्कन बाध्य छन् । एशियामा नागरिक समाजको लागि कुनै ठाउँ छैन । वातावरणीय संकटले पर्यावरणसँग समुदायको सम्बन्ध पुरै परिवर्तन गरेको छ । केही सन्दर्भहरुमा समुदायलाई लामो समय देखि यसरी छिन्नभिन्न बनाइएको छ कि त्यसको पुनर्निमाण शुन्यबाटै गर्नुपर्ने हुन्छ ।

जुनसुकै सन्दर्भका पनि सुरक्षाका लागि सामूहिक भूमि अधिकारको कानुनी पहिचानको महत्वपूर्ण छ र यस्ता कार्यमा अग्रपङ्क्तिमा खटिने युवाहरु प्रशस्तै छन् ।



# सामूहिक भूमिको सुरक्षा



भूमि, क्षेत्र र श्रोतमाथि आदिवासी जनजातिहरुको सामूहिक अधिकारको पहिचान कम्बोडियामा सशक्त रुपमा भएको छ । यसका बावजुद यी व्यवस्थाहरुलाई कार्यान्वयनमा नल्याइएकाले आदिवासी जनजातिहरु अझैपनि भूमि कब्जा, अधिकार हनन्, वन विनाश र सामाजिक लाञ्छानका शिकार बन्नु परेको छ । कम्बोडियाको आदिवासी जनजाति युवा संगठन (सीआईवाइए) ले सामूहिक भूमि अधिकारको संरक्षणका लागि मोन्डुलकिरी प्रान्तमा जीआइएसमार्फत गाउँको नक्शा बनाउन समुदायलाई सहयोग गरिरहेको छ । तिनीहरुले सामूहिक भूमिको स्वामित्व (सीएलटी) लागि कागजपत्र बनाउँछन् र कम्बोडिया आदिवासी जनजाति गठबन्धन (सीआईपीए) र मोन्डुलकिरी आदिवासी जनजाति सञ्जाल (एमआईपीएन) सँगै सरकारसँग संलग्न हुन्छन् ।



मोन्डुलकिरीमा आदिवासी जनजातिले भूमिको व्यक्तिगत स्वामित्व भन्दा सामूहिक भूमिको स्वामित्वलाई बढि महत्व दिन्छन् किनकि यसले समुदायको एकता र शासनको सुरक्षा गर्दछ । सरकारी भूमि अधिकारको शासनले प्राय व्यक्तिगत स्वामित्वको प्रावर्धन गर्छ । आन्तरिक मन्त्रालय (एमओआई) र ग्रामीण विकास मन्त्रालय (एमआरडी) सँग सहकार्य गर्दै अधिकारबाहक संगठनहरुले सामूहिक भूमि दर्ता प्रक्रियाबारे तथा सबै अवरोधहरु हटाउन प्रान्तीय र स्थानीय अधिकारीहरुलाई सुसूचित गरिरहेका छन् । सरकार र एनजीओले ल्याएका कानुनी संरचनाहरुबारे आदिवासी जनजाति युवालाई अलोच्नात्मक विश्लेषण गर्न सीआईपीएले उत्प्रेरणा प्रदान गर्दछ । युवाहरुले बुझ्न जरुरी छ कि उनीहरुको क्षेत्र सरकारले निर्धारण गरेको भन्दा फराकिलो छ र आज समुदाय जहाँ बसोबास गरिरहेको छ, त्यस क्षेत्र भन्दा परसम्म फैलिएको छ ।

काम्पोङ थोम प्रान्तका आदिवासी जनजाति युवा र सीआईपीएका कर्मचारी सारेम रिम कुइले २०२३ मा आफ्ना प्रथाजनित क्षेत्रको नक्सांकन गर्दा नै आफ्ना साथीहरुलाई यस विषयमा सोच्न आग्रह गरेका थिए । हाल रबरको अतिक्रमण र कसावा खेतीका कारण उनीहरुसँग एक हजार हेक्टरमात्र जमिन मात्र बाँकी छ । सारेम सोध्छन्, "कहाँ छ तपाईहरुको जग्गा? अहिले जति देख्नु भएको छ, त्यति नै हो त? आजभन्दा ३५ वा ५० वर्ष अगाडि कस्तो थियो?" समुदायका मानिसहरुबाट उत्तर आयो, "हैन, मेरो जग्गा यति मात्र हैन... त्यो परसम्म फैलिएको थियो! गएको १० वर्षदेखि आएका कम्पनीहरुका कारण यस्तो भयो । पहिला हाम्रा जग्गा जमिन ठूलै थियो!"

कम्बोडिया, मोन्डुलकिरीका बुनोङ आदिवासी जनजाति युवाले सामूहिक भूमि स्वामित्व (सीएलटी) को दर्ता प्रक्रियाका लागि आफ्ना पुर्ख्यौली भूमिको पुनः नक्सांकन कार्य सञ्चालन गरे । तस्बिर: सीआईपीए, २०२१ ।



कम्बोडियाको सेन्मोरम नगरपालिकाका लाओका समुदायको नक्साङ्कन कार्य गरिँदै । तस्बिर: सीआईपीए, २०२१ ।

## पहिचान र ज्ञान प्रणालीको पुनः दावी

पुनः नेदिनतिरै फर्कौं, जसलाई हामीले शुरुमा भेटेका थियौं । मावले आन्दोलन (मिनाहसा घर फर्क अभियान) तथा ३ हासे भावी पुस्ता नेतृत्व प्रशिक्षणमा संलग्न भएपछि नेदिनले इन्डोनेशियाको उत्तरी सुलावेसीस्थित कोहा आदिवासीका लागि विद्यालय खोल्न आवश्यक ठानिन् । आफु जस्तै प्रभावित दुई जना युवा नेतासँग मिलेर द्वीप समूहका आदिवासी युवा मोर्चा (बिपान) को छाताभित्र रहेर र आफ्ना अग्रजको आशिर्वादले विद्यालयको स्थापना गरिन् । अन्य आदिवासी अभियन्ताहरुले पनि इन्डोनेशियाभरी विद्यालय खोल्न थाले । हाल, राष्ट्रिय आदिवासी जनजाति आन्दोलन आमानसँगको सम्बद्धतामा  देशभरी ९० वटा आदिवासी विद्यालय छन्, जसमध्ये ३० वटा कोभिड-१९ ताका सञ्चालनमा आएका हुन् । यसैबीच, नेदिन अमान (एएमएएन) राष्ट्रिय परिषदकी उपप्रमुख भइन् ।



युवाको अभियानलाई सघाउने आर्थिक जोहोको कुरा गर्दा, विश्वभरी छरिएर रहेका आफ्ना समुदायसँग चन्दा संकलन गरेर युवा अगुवाहरुले कार्यक्रमहरुको खर्च जोहो गरेका छन् । नेदिनको गाउँमा आफ्नो दक्षता र इच्छाले दान गर्ने तरिका "रुकुप"को माध्यमले उठाइएका रकमबाट शिक्षा अगाडि बढाइयो । शिक्षा कार्यक्रमहरु धेरैजसो न्यून लागतका हुन्छन्- खासगरी जब भवनको साटो रुखमुनि विद्यालय सञ्चालन गरिन्छ । यसले गर्दा आमानका आधारभूत पहलमध्ये युवा आन्दोलन सबैभन्दा मितव्ययी बनेको अग्रज नेताहरुले मनन् गरेका छन् । यस आन्दोलनको दिगोपनाका लागि नेतृत्व क्षमता अभिवृद्धि गर्न युवा नेताहरु आफ्ना काममा सार्थक लगानी भएको हेर्न चाहन्छन् ।

नेदिन जस्तै, आफ्ना समुदायका सदस्यका लागि भारत, फिलिपिन्स र बंगलादेशका युवाहरुले पनि स्कूलको कक्षा पछिको सत्र समूह, छाना र भित्ता बिनाका स्कूल, ट्युसन सेन्टरलगायतका विभिन्न प्रकारका शैक्षिक कार्यक्रमहरु सञ्चालन गरेका छन् । यी विद्यालयहरुमा प्रायगरी स्थानीय शिक्षण पद्धती  अथवा युवाबाट युवाका लागि तयार पारिएका शिक्षण पद्धतीको प्रयोग गरिन्छ किनभने युवाहरुले आफ्ना वरिपरिका पर्यावरणबाट प्रेरणा लिने गरेका छन् । दक्षिण भारतमा आदिवासी पाठ्यक्रमको प्रयोग गरेर स-साना भाईबहिनीहरुलाई पढाउन पहिला किशोर/किशोरीहरुलाई प्रशिक्षित गरिन्छ । जसले गर्दा किशोर/किशोरीहरुलाई शिक्षामा सहजता हुन्छ । यसले विद्यालय छाड्ने दर घट्नुका साथै बालबालिकाको शैक्षिक अबस्थामा सुधार भएको देखिएको छ । दक्षिण भारतका अभियानकर्ताहरुले सामुदायिक स्तरमा बालबालिकालाई परिवर्तनका महत्वपूर्ण संवाहक मानेका छन् । युवा अभियानकर्ताहरुले परिवारसँग मिलेर सामाजिक पूँजी निर्माण गरिरहेका छन्, जुन पछि वन अधिकार र शासन परिचालनमा प्रयोग गर्न सकिन्छ । प्रशिक्षणमा संलग्न किशोरहरुमा अलोचनात्मक सोच र नेतृत्व विकास भई भविष्यमा आफ्ना समुदायको भूमि अधिकारका लागि लड्ने अगुवा बन्न सक्दछन् ।

कम्बोडियाको सेन्मोरम नगरपालिकाका लाओका समुदायको नक्साङ्कन कार्य गरिंदै । तस्बिरः सीआईपीए, २०२१ ।

## संगठित शक्ति

लक्ष्मी एक युवा परिचालक हुन्, उनी पाँच वर्ष अगाडि आफ्नै गाउँमा शिक्षिकाका रुपमा संलग्न थिइन् । हाल, २५ वर्षीया लक्ष्मी गाउँका सभामा बोल्न, भूमि अधिकारको दस्तावेज बनाउन र हक दावी दर्ता गर्न समुदायसँग सहकार्य गर्दै गाउँगाउँमा डुल्ने गर्छिन् । उनका समकक्षी अगुवाहरु स्थानीय सरकारमा वन अधिकारबारे प्रश्न उठाउन गर्न लक्ष्मीले सक्ने बताउँछन् । उनी आदिवासी जनजाति समुदायलाई आफ्ना भूमि अधिकारका विषयमा सचेत गराउन गीत लेख्ने र गाउने पनि गर्छिन् । यी गीतहरु बालबालिकालाई सहभागी गराउने शैक्षिक कार्यक्रममा पनि प्रयोग गरिन्छ ।



"जब हामी गाउँ जान्छौ, वरिपरि नियाल्दै आफैलाई प्रश्न गर्छौं, यो समुदाय र मानिसहरुलाई के भएको होला? उनीहरु किन सरकारी सेवामा पहुँच कायम गर्न सक्दैनन? उनीहरुलाई के कुरा थाहा भएन?" लक्ष्मी भन्छिन्, "धेरै मानिसहरु आउँछन् र जान्छन्, तर केहि मात्र काम गर्छन् र टिक्छन् । म उनीहरुमध्येकी एक हु।" लक्ष्मी आफ्नो क्षेत्रको अति सिमान्तीकृत आदिवासी समुदायबाट आएकी हुन्, जनको परिवारले पुस्तौंदेखि भूमिविहीन र ज्यालामा काम गर्ने मजदुरका रुपमा शोषण बेहोर्दै आएका छन् । २० औं बसन्तमा औपचारिक शिक्षालाई पुन: निरन्तरता दिएकी लक्ष्मी उच्च माध्यमिक विद्यालयको डिप्लोमा पूरा गर्न सकेकोमा गर्व गर्छिन् । लक्ष्मीले आफ्नो पनिया समुदायका युवा महिलाको नेतृत्व निर्माण र बाल विवाह जस्ता सामाजिक मुद्दामा काम गर्नका लागि २०२२ मा आफ्नै संस्था खोलिन् । उनी सुनाउँछिन्, "अहिले जब म यो कामबाट बाहिर निस्कनेबारे सोच्छु, म आफ्ना मान्छेलाई सम्झन्छु । आफ्ना आँखा बन्द गर्दा मैले उनीहरुलाई नै देख्छु । आफ्ना मान्छेका लागि काम गर्ने अरुले हैन, हामीले नै हो ।"

लक्ष्मी अहिलेसम्म आफ्नै राज्यमा बसोबास गर्दै काम गर्दै आइरहेकी छिन् । अधिकांश युवाहरु भौतिक रुपमा आफ्ना समुदाय वा भूमिसँग नजिक छैनन् । त्यसैले, २०१५ मा आदिवासी युवा मोर्चा (बिपान) ले इन्डोनेशियामा घर फर्क अभियान चलाएको थियो । त्यस आन्दोलनमार्फत नेदिन जस्ता केहि युवाहरु आफ्ना पुर्ख्यौली भूमि र समुदायमा भौतिक रुपमै फर्किए । अन्य युवाहरु टाढै भएपनि आफ्नो यस बारे सोच्न बाध्य भएका छन् । बिपानकी अध्यक्ष मिशेलिन सल्लाटा र युवा नेता मेङ्गकेन्देक तोरायाका अनुसार युवाहरु आफैलाई र एक अर्कालाई सशक्त बनाउन र प्रेरित गर्न प्रश्न गर्छन्, "के हामीले आफ्नो घर सम्झेका छौं? के आफ्नो आदिवासी जनजाति समुदाय सम्झन्छौं? टाढैबाट भए पनि हामी कसरी वकालत कार्यमा सहभागी हुन सक्छौं?" घर फर्क आन्दोलन, आदिवासी जनजाति विद्यालय स्थापना, खाद्य सम्प्रभुता र स्मार्टफोन



दक्षिण भारतको निलगिरीसमा युवाहरुद्वारा गाउँका बालबालिकाका लागि विद्यालय पछिको सत्र सञ्चालन गरिँदै । फोटो क्रेडिट: निलगिरीस पीभीटीजी महासंघ, २०१९ ।

तल: पश्चिमी कालिमानटानको सिङटाङस्थित आदिवासी क्षेत्रमा वनको पुनर्स्थापनाका लागि बिपानका युवाहरु जमिन खन्दै । तस्बिर: बिपान सिङटाङ, २०२१ ।

आन्दोलन जस्ता अभियानहरु २०१५ देखि संगठित रुपले विस्तार भएको हो । २०२१ देखि यस आन्दोलनले लैङ्गिक समानता र जलवायु न्याय जस्ता विषयलाई पनि महत्व दिएको छ ।



अप्रिलिसका "इका" टिटाहेना, इन्डोनेशियाको मालुकु प्रान्तका होनितेतु आदिवासी समुदायकी एक युवा अभियन्ता हुन् । विद्यालयमा पढ्दा उनी निकै डराउँथिन् किनकि काठ कम्पनीहरुले उनको परिवारको जग्गा खोसेका थिए । इका अहिले भने घर फर्केकी छन्, उनी ससि भनिने प्रथाजनित कानुनी चलनलाई आफ्ना आदिवासी समुदायमा पुनर्स्थापित गराउन वकालत गरिरहेकी छन् । उनी आदिवासी समुदायलाई संरक्षण गर्न युवाहरु, खासगरी महिलाहरुलाई अग्रपङ्क्तिमा राख्नुपर्ने विचार राख्छिन् ।

## आर्थिक अवसरहरू

युवाहरुले आदिवासी भूमि र पुर्ख्यौली ज्ञानको बलियो अन्तर सम्बन्धबाट उनीहरु लामो अवधीसम्म जीउन सक्छन् भन्ने कुरा बुझेका छन् । एक युवा नेताले याद गरेका छन् कि पहिला आदिवासी युवाहरु सुरक्षित भविष्यका लागि सरकारी जागिरको आशा गर्दथे ।



जागिर नपाएसम्म त्यसको प्रतिक्षामा बस्दथे, तर अचेलका युवाहरु उद्यमशीलताका लागि खुला र इच्छुक देखिन्छन् । यसले समुदाय र मूलधारलाई जोड्न खटिरहेका युवाहरुका लागि अवसरको नयाँ अध्याय शुरू भएको संकेत गर्दछ । केही युवाहरु आफ्ना सांस्कृतिक कार्यलाई बजारीकरण गरी अवसर सिर्जना गर्न सक्षम भएका छन् । उदाहरणका लागि पर्यापर्यटन र स्थानीय बस्तुको उत्पादनमा आधारित सामाजिक व्यवसायहरु गरिरहेका छन् । धैरै युवाहरु खाद्य सम्प्रभुताका लागि पहल गर्ने कार्यसँग पनि जुडेका छन् । एआईवाइपीले आदिवासी युवाहरुलाई उद्यमशील बनाउनका लागि मञ्च प्रदान गर्ने, ज्ञान आदानप्रदान गर्ने, नवप्रवर्तनहरुको प्रतिस्पर्धा गराउने र दक्ष जनशक्ति निर्माण गर्ने जस्ता कार्यहरु गर्न खोजेको छ । सामाजिक उद्योगहरु आदिवासी संस्कृति र ज्ञान अनुसारका प्राकृतिक श्रोतसाधनको प्रयोगमा आधारित भएको हुनुपर्दछ ।

फैलदै गरेको विकासका क्षेत्रहरु आदिवासी र स्थानीय समुदायका युवाहरुका लागि रोजगारीका अवसर हुन सक्छन्, जसले उनीहरुलाई आफ्नो समुदायलाई केही फर्काउन सहयोग गर्नेछन् । यद्यपि यी जागिरहरुले आफुले चाहेका तलबसुविधा नदिएको अथवा बृत्ति विकासका अवसर प्रदान नगरेको युवाहरुका गुनासाहरु छन् । उनीहरु समुदायका "इन्साइडर" हुन् तर ती क्षेत्रमा विशेषाधिकार प्राप्त सहकर्मीका दाँजोमा "आउटसाइडर" नै हुन् । उनीहरुका लागि नेतृत्व विकास वा उचित



तस्बिरः बिपान, २०१६ ।

नेपालको गोरखा जिल्लामा अबस्थित चुम नुब्री उपत्यका शुम्बा युवाहरु शाग्य शताब्दी महोत्सवमा सहभागी हुँदै । यस शताब्दी महोत्सवमा आदिवासी जनजातिका ज्ञान पद्धति, खासगरी शाग्य चलनलाई मनाइयो । तस्बिरः आङनिमा लामा, २०२३

क्षतिपूर्तिका बाटाहरु अत्यन्त कम हुन्छन् । त्यसैले शिक्षित युवाहरु आफ्ना समुदायलाई आर्थिक सहयोग गर्न (अथवा शैक्षिक ऋण तिर्न) धेरै तलब सुविधा भएको जागिर रोज्छन् । केही युवाहरु आफ्ना ज्ञान, सीप र योगदानलाई औपचारिक नागरिक समाजसँग सार्थक रुपले प्रयोग होस् भनेर आफ्नै एनजीओ सञ्चालन गर्दछन् । यस्ता जुनसुकै सन्दर्भ भएतापनि युवाहरुको योगदानको शोषण हुनु भएन । नत्र, उनीहरुको शारीरिक र मानसिक स्वास्थ्यलाई असर पार्न सक्छ । यसै विषयमा अर्चना सोरेङग भन्छिन्, "युवाका लागि सुरक्षित र सामर्थ्यपूर्ण ठाउँको निर्माण आवश्यक छ, ताकि उनीहरु खुलेर बोल्न सकुन् ।"

## घरमा भएको आभास

युवाहरु आफ्ना समुदायमा अभियन्ता, शिक्षक, अभियानकर्ता र वकालतकर्ताका रुपमा संलग्न भइसके पछि उनीहरुले आफुलाई स्वीकारिएको सम्झनु महत्वपूर्ण छ । सबै अग्रज र परिवारका सदस्यहरु युवाले चालेका पहलमा सकारात्मक हुँदैनन्, खासगरी जब युवालाई सक्रिय बनाउनका लागि धेरै मेहनत र पैसाको लगानी जरुरत पर्दछ । अन्तर्जातीय विवाह वा व्यक्तिगत आकांक्षाको पूर्ति जस्ता चुनौतिहरुले द्वन्द सिर्जना गर्न सक्छ । यसले युवालाई एक प्रकारको एक्लोपनमा पुर्याउँछ । "यदि मसँग विचार मन्थन गर्ने बौद्धिक साझेदार र साथीहरु भएको भए," नेदिन दुःख पोख्छिन्, यो घर फर्केका सबै युवा नेताहरुको साझा अनुभव हुन् । अनगिन्ती सूचना र प्रतिबद्धताले  युवाहरु विचलित हुन सक्दछन् । युवा मानव अधिकार संरक्षकहरुले विशेष प्रकारका शर्तहरुको सामना गर्नुपर्छ जससँग जुध्नका लागि भौतिक, वैधानिक, डिजिटल सुरक्षा र मानसिक स्वास्थ्यसम्बन्धी रणनीतिहरु चाहिन्छ ।

गठबन्धनको गठन र फरक पहिचानको एक्यबद्धताले युवालाई जोडिएको आभास गराउँदै नयाँ अवसर सृजना गराउँछ र लचिलो बनाउँछ । वातावरणका लागि इन्डोनेशियन संस्था (आरएमआई) ले शहरी र ग्रामीण ऐक्यबद्धता कार्यक्रमहरुको सञ्चालन गर्दछ । आरएमआईका कार्यकारी निर्देशक वाह्यु फर्नान्डेज मनन् गर्छन्, "सँगै आउने अवसर प्रदान गर्न सकेमा युवाहरु शहरी र ग्रामीण दुवै क्षेत्रमा आफ्ना सहकर्मीसित छिटै जोडिन सक्छन् । उनीहरु व्यवस्थापनमा एक अर्कालाई मद्दत गर्न उत्सुक देखिन्छन् । ग्रामीण युवाले शहरी जीवनका विभिन्न चुनौतीहरु बारे सिक्न सक्छन्, जुन प्राय उनीहरुको सपना पनि हुन्छ, भने भविष्यमा रणनीतिक निर्णय लिने पदमा पुग्न सक्ने प्रशस्त पहुँच र अवसरहरु भएका शहरी युवाले आफुलाई थाहा नभएका सन्दर्भ बारे बुझ्न सक्ने छन् र आफुमा सामाजिक र वातावरणीय संवेदनशिलताको विकास गर्न सक्छन् ।"



ग्रिन क्याम्प (हरियो शिविर) ग्रामीण र शहरी युवाबीच सामाजिक-वातावरणीय ज्ञानको आदानप्रदान गर्ने एउटा मञ्च हो । यसको उद्देश्य युवा पुस्ताबीचको एकता बढाउने, विविधता सम्बन्धी चेतना अभिवृद्धि गर्ने र उनीहरुभित्रको गम्भीर चेतनालाई जगाउनु हो । यस शिविरको सञ्चालन आरएमआई, केएटीए, रेलवानफरलाइफ र पाँचवटा कसेपुहान समुदायका आदिवासी युवाद्वारा गरिएको थियो । तस्बिरः इकि र आरएमआई, २०२२ ।

# युवा गठबन्धनको निर्माण

सिति "सिफु" मार्फुवा, कौम मुदा तना एर (केएटीए) इन्डोनेशियाको एक हिस्सा हुन् । भूमि आन्दोलनको अवधारणा बारे केही नसुनिकनै सिफु शहरमा हुर्किइन् । हाइस्कूल पढ्दा ताका उनी वातावरणीय कार्यमा संलग्न भइन् र अधिकारमा आधारित संरक्षण बारे आरएमआईको अभियानमा सहभागी हुन आमन्त्रित भएपछि उनी थप राजनैतिक भइन् । १८ वर्षको उमेरमा सामाजिक न्याय र राजनैतिक पारिस्थितिकीय प्रणाली सम्बन्धी आरएमआईको छोटो कोर्समा सहभागी हुने उनी सबैभन्दा कान्छी बनिन् । उनी शहरी र ग्रामिण युवाबीच बलियो एकता भएको हेर्न चाहन्छिन् ।




"शहरीयाहरु यस्ता मुद्दाबाट आफुलाई टाढिएको पाउँछन्," उनी भन्छिन्, "आदिवासी युवा, स्थानीय युवा र शहरी युवा यस्ता विभिन्न मुद्दाबाट कसरी प्रभावित हुन्छन् भनेर बुझ्नका लागि एक अर्कासित जुट्नै पर्दछ । त्यसपछि बल्ल उनीहरु सामूहिक कार्य अगाडि बढाउन सक्दछन् ।"

कौम मुदा तना एर (केएटीए) इन्डोनेशिया, युवा मुद्दाहरुमा ध्यान दिने १९ वटा संगठनहरुको एउटा गठबन्धन हो । उनीहरुको नाममा समेत समावेशिता देखिन्छ- "तना" भनेको भूमि र "एर" भनेको समुद्र हो । संक्षिप्तमा केटा (केएटीए) भनेको आवाज हो । यस नामले नै गठबन्धनको उधेश्य झल्काउँछ- युवाहरुका आवाज सम्बन्धितहरुको कानसम्म पुर्याउने र निर्णय प्रक्रियामा उनीहरुको सहभागिता सुनिश्चित गर्ने । बिपान (बिपीएएन), फ्रेन्ड्स अफ द अर्थ इन्डोनेशिया (डब्लुएएलएचआई), टिन्स गो ग्रीन इन्डोनेशिया, विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) र अन्य थुप्रै संगठन केटा गठबन्धनका सदस्यहरु हुन् । उनीहरुको ध्यान सहयोगीहरुका सन्देश र कार्यलाई चारैतिर फैलाउनु, युवा क्षमता अभिवृद्धि गर्नु, युवा सम्बन्धी नीतिहरुको वकालत र स्वयंसेवकको सञ्जाल खडा गर्नु रहेको छ । यसवर्ष उनीहरुले शासकीय प्रणालीको स्थापना र नियमित अनलाइन इभेन्टहरु सञ्चालनमा ल्याएका छन् ।



जलवायु शासनका क्षेत्रहरुमा प्राय: भारतबाट आउने एकमात्र आदिवासी युवा महिला अर्चना सोरेङ्ग, सहयोगीहरुको महत्वका बारेमा आफ्नो विचार राख्छिन्: "सहयोगी युवाहरु हामीभन्दा पृथक छैनन् । हामी ठाउँसम्मको पहुँच कायम गर्दै छौं र उनीहरु कसरी काम गर्छन् भन्ने केही मात्रामा बुझ्छौं । यदि हामी सँगै काम गर्ने हो भने ती ठाउँहरुलाई पुन: दाबी गर्न सक्ने छौं ।"

माथी: बिश्व जलवायु हड्तालको लागि इन्डोनेसियाका अभियानकर्ताहरु, बिपानका युवा नेताहरू वातावरणीय युवा समूहहरूलाई सम्बोधन गर्न र गठबन्धन-निर्माणका लागि आफ्नो क्षेत्रबाट आएका हुन् । तस्बिर साभार: बीपीएएन सोरोङ राय, २०२३ ।

२०२२ को ग्रिन क्याम्पमा (हरियो शिविरमा) सिति सोपारियाबाट शहरी युवाहरु (केटाका इन्टर्न र टिन्स गो ग्रीनका सदस्यहरु) उनीहरुको आदिवासी क्षेत्र बारे सिक्दै । तस्बिर: इकी र आरएमआइ, २०२२ ।

# भाग ३: नेतृत्वमा युवा






यस खण्डमा हामीले आदिवासी जनजाति र स्थानीय समुदायका युवा नेतृत्व निर्माणका लागि महत्वपूर्ण पाँचवटा सिद्धान्तहरु उल्लेख गरेका छौं । यी पाँचवटा सिद्धान्तहरु मूलत युवा समूह र उनीहरुका सहयोगीबीचको संवाद, उत्तरदायित्व र आकांक्षाहरु जगाउनका लागि यस प्रतिवेदनका युवा सहलेखकहरुबाट मस्यौदा गरिएको थियो । "सहयोगीहरु" भन्नाले अधिकारबाहक संगठनहरु, अन्तर्राष्ट्रिय/अनुसन्धान संगठनहरु, लगानी गर्ने संस्थाहरु, सरकार, र भूमि, वन तथा श्रोतहरुको सामूहिक शासनमा युवा नेतृत्व तथा आदिवासी जनजाति र स्थानीय समुदायका सामूहिक र पैतृक अधिकारहरुलाई महत्व दिने जो कोहिलाई जनाउँदछ ।

युवा सहलेखकहरुले युवा नेतृत्वको अवधारणामा यसकारण ध्यान केन्द्रित गरेका छन् कि, युवाहरुले प्रभावकारी संगठन, रणनीति र शिविरहरु चलाउन सक्दछन्, र आफ्ना संस्कृति र अन्तरपुस्तागत सम्बन्धलाई पुनर्जिवित गर्न सक्दछन् । यि सिद्धान्तहरुले आदिवासी र स्थानीय समुदायका युवाले आफुलाई कसरी सहयोग प्राप्त गर्न चाहन्छन् भन्ने स्पष्ट निर्देशनद्धारा विद्यमान दिशानिर्देशहरु (उदाहरणको लागि जस्तै आरआरआईको भूमि अधिकार मापदण्ड जुन अनुसूची २ मा पढ्न सिफारिश गरिएको छ) पनि समावेश गर्ने काम गर्दछ । यी सिद्धान्तहरुले युवा र उनीहरुका सहयोगीहरुबीच प्रभावकारी, न्यायपूर्ण साझेदारीका लागि समान प्रस्थान बिन्दु निर्माण गर्दछ जसले गर्दा प्रक्रिया र परिणाम दुवैमा युवा नेतृत्व निर्माण गर्न सकिन्छ ।

हामी यसलाई एक जीवन्त पाठका रुपमा लिन्छौं र प्रतिक्रियालाई स्वागत गर्छौं ।



## सिद्धान्त १: युवा संगठन सधै अन्तरपुस्तागत हुन्छ

आदिवासी र सामुदायिक विश्वदृष्टिकोणले अग्रज र युवाबीचको सम्बन्ध पवित्र हुन्छ भनेर सिकाउँदछ । बाह्य ठाउँहरु जस्तै नागरिक समाज, सरकार, शैक्षिक संस्थान र बहुपक्षीय शासनमा पनि अन्तरपुस्तागत सहकार्यका लागि प्रतिबद्धता व्यक्त गरिएको छ । युवाहरुका लागि युवा संगठनको उद्देश्य अन्तरपुस्तागत शासनलाई सुदृढ पार्नु हो । व्यवहारमा भने अन्तरपुस्तागत शक्तिको बाँडफाँड त्यति सजिलो छैन । एकातिर युवाहरुलाई व्यक्तिगत मार्गदर्शक र अग्रजहरुबाट सक्रिय साथ र उत्प्रेरणा प्राप्त हुन्छ भने अर्कोतिर सामूहिक निर्णय प्रक्रियामा उनीहरुको सम्मान वा कदर हुँदैन । अग्रज र युवा मिलेर प्रभावकारी अन्तरपुस्तागत शासनका लागि उनीहरुको क्षमता निर्माण गरिनु पर्दछ ।

**अन्तरपुस्तागत नेतृत्वको सुदृढीकरणका लागि:**



- युवाहरुका प्राथमिकतालाई सहयोगी संगठनका रणनीति र एजेण्डामा समावेश गरी त्यसको कार्यान्वयन गर्ने । निर्णयकर्ताहरुले स्थानीय देखि विश्वव्यापी रुपमा युवा प्रतिनिधिहरुलाई प्रभाव पार्न सक्ने ठाउँहरुमा अर्थपूर्ण तरिकाले समावेश गराउनु पर्दछ । मार्गदर्शकहरुले यस्ता ठाउँमा नेतृत्वको प्रभावकारी अभ्यास गराउन युवालाई सहयोग गर्नु पर्दछ ।
- अधिकारबाहक संगठनहरु शक्ति साझेदारी र परस्पर सिकाइको दृष्टिकोणले युवा समूहसित संलग्न हुनु पर्दछ । शक्ति साझेदारीका दौरान देखापर्ने अन्तरपुस्तागत द्वद्धलाई साम्य पारिनु पर्दछ ।
- निर्णय प्रक्रियामा उचित ठाउँ ओगट्न र दावी गर्न युवा नेताहरुलाई युवा संगठनले सघाउ पुर्‍याउनु पर्दछ । तिनीहरुले युवालाई आफ्ना प्रयासको प्राथमिकतामा राख्न र योगदानलाई (उदाहरणका लागि जस्तै, प्रभावकारी कागजपत्र र कथावाचन शैलीद्वारा ) चिन्न मद्द गर्नु पर्दछ । निर्णय शक्तिको संयुक्त पहुँच र अभ्यासका लागि तिनीहरुले अन्य युवा समूहसँग काम गर्नु पर्दछ ।
- सहयोगी र समर्थक संगठनहरुले प्रमाण र भाष्य निर्माण कार्यलाई सघाउनु पर्दछ जसले गर्दा अन्तरपुस्तागत नेतृत्व बलियो हुन्छ । ती संगठनहरुले युवाका एजेण्डा र प्राथमिकतालाई फराकिलो संस्थागत ढाँचामा ढाल्नु पर्दछ र आफ्नै संस्थाभित्र निहित अन्तरपुस्ता नेतृत्वलाई विचार गर्नु पर्दछ ।

# सिद्धान्त २: नेताले थप नेता जन्माउँदछन्

अनुभवी युवा नेताहरु संघर्षको बत्ति बालेर र आफ्ना समुदायको ज्ञानका ज्ञाताका रुपमा रहेर भावी पुस्ताको नेतालाई हेर्ने गर्दछन् ।सैद्धांतिक रुपमा भन्नुपर्दा संगठनमा युवा नेतृत्वले आफ्ना उत्तराधिकारीहरुको उत्पादन हुनुपर्ने हुन्छ किनकि युवा नेताहरु "उमेर पुगेपछि" बाहिरिनु पर्दछ । प्रभावकारी नेताहरु व्यक्तिगत रुपले माथि उक्लिनुको सट्टा सामूहिक र सांगठनिक लचिलोपनालाई प्राथमिकता दिन्छन् ।

युवा नेतृत्व विकासमा युवाहरुको पहुँचलाई प्राय विद्यमान शक्ति र समकक्षीबीचको विशेषाधिकारसँग जोड्ने गरिन्छ । त्यसैले नेतृत्वमा विविधता ल्याउन संवेदनशीलता र सही निर्णय चाहिन्छ । उदाहरणका लागि जब युवा महिलाले बिहे गर्छन् वा आमा बन्छन्, उनीहरुलाई नेतृत्वबाट छिटो निवृत्त हुन सामाजिक रुपमा प्रोत्साहन गरिन्छ ।" युवा नेताहरुले आदिवासी र स्थानीय समुदायका व्यवस्थित युवाहरु र अव्यवस्थित युवाहरुबीच ठुलो सुचनाको खाडल (information gap) अनुभव गर्दछन् । यसले गर्दा उनीहरु चेतना अभिव्रिधिमा केन्द्रित रहन उत्प्रेरित हुन्छन् । यस्तै कारणहरुले गर्दा प्रभावकारी युवा नेताहरुले नेतृत्व विकासलाई अविरल र अनुकूल बनाउँछन् । उनीहरुले युवालाई संलग्न गराउन सिर्जनशील र सांस्कृतिक व्यवस्थापन जस्ता विभिन्न उपायहरुको प्रयोग गर्दछन् । मार्गदर्शक र अग्रजले नयाँ नेताहरुको नेतृत्वको विकास र सिकाइ अवसरको आव्हान गर्न अहम् भूमिका निर्वाह गर्दछन् ।



युवा नेतृत्वको निरन्तरतारुपमा पुन:उत्पादनलाई सघाउ पुर्‍याउन:

- युवा संगठनहरुले सबै कार्यगत तहमा नेतृत्व विकासका रणनीतिहरु समावेश गर्नुपर्दछ । उनीहरुले विविध पहिचान बोकेका युवाहरुलाई संलग्न गराउनेतिर विशेष ध्यान दिंदै, जग बसाल्न र चेतना अभिवृद्धि गर्न सिर्जनशील माध्यमको विकास गर्नु पर्दछ । युवा संगठनहरुले आफ्नो संगठनभित्र नेतृत्वको नवीकरण र विविधतालाई सघाउ पुग्नेगरी आन्तरिक नीतिहरुको पनि विकास गर्नुपर्दछ ।
- अधिकारबाहक संगठन र उनीहरुका सहयोगीले राजनीतिक शिक्षा, मार्गदर्शन, प्रशिक्षण, इन्टर्नशिप, आधारभूत नेतृत्वको तालिम र अन्य अवसरमार्फत नयाँ नेतृत्व विकासका लागि निरन्तर प्रयास जारी राख्नु पर्दछ । उनीहरुले युवालाई कार्यगत तहमा, शिविर देखि कार्यक्रम हुँदै प्रशासनसम्मका विभिन्न क्षेत्रमा अवसरहरु दिनु पर्दछ । अग्रज, मार्गदर्शक र युवा नेताहरुले आफ्नो सुविधा शेत्र (कम्फर्ट जोन) बाट बाहिर आएर नयाँ जिम्मेवारीहरु लिन युवाहरुलाई प्रेरित गरिरहनु पर्दछ ।

- सहयोगी र समर्थक संगठनहरुले व्यक्तिगत रुपमा युवा नेतालाई अनुरोध गर्ने बानीबाट बच्नु पर्दछ । उनीहरुले फराकिलो सांगठनिक दायरालाई पुन: ध्यान दिन पर्दछ । नेतृत्व विकासका लागि सामान्य सहयोग बाहेक उनीहरुले युवा संगठनहरुलाई नेतृत्वमा विविधताको विकास गर्न सक्षम तुल्याउन सघाउनु पर्दछ (जस्तै, बहुभाषिक व्यवस्थापनका लागि श्रोतहरु र प्रशिक्षणका दौरान बालबालिकाको रेखदेख आदि) ।

## सिद्धान्त 3: युवाले नेतृत्व गरेर सिक्छन् र सहयोगीले उनीहरुमाथि विश्वास गरेर

जब युवासँग आफ्नो अभिलाषा र प्रेरणालाई पछ्याउने तथा समुदायलाई सहयोग गर्ने उचित ठाउँ र साथ हुन्छ, युवा नेतृत्व अगाडि बढ्दछ । युवा रणनीतिहरु धैरैजसो समग्र खालका हुन्छन् । उनीहरुले संस्कृति र वकालतलाई जलवायु परिवर्तन, लिङ्ग र जीवकोपार्जन जस्ता जल्दाबल्दा मुद्दाहरुसँग जोड्ने गर्दछन् । उनीहरुले लामो अवधिदेखि थाती रहेका कामहरुलाई तत्काल पुरा गरी सामाजिक आवश्यकतासँग सन्तुलन गर्दछन्, जस्तै कोभिड १९ महामारीमा युवाका नेतृत्वदायी कामहरु । कहिलेकाहिँ यी रणनीतिहरु अग्रज र सहयोगीहरु अभ्यास्त भएका भन्दा फरक हुन्छन् (अथवा लगानी योग्य परियोजनाको परिधिभित्र नभएको) । तर जब युवाहरुले अरुका भरोसा र आशिर्वाद आफुसँग भएको तथा जोखिम मोल्ने र गल्ती गर्ने प्रशस्त ठाउँ भेट्छन्, उनीहरुले सशक्त भएको महसुस गर्छन्।

युवा कार्य युवाबाट युवाका लागि गर्न जरुरी छ किनकि विभिन्न तह र मुद्धामा युवा नेतृत्वलाई सहयोग गर्न सके ठुलै प्रणालीगत परिवर्तन हासिल गर्न सकिन्छ । जस्तै, युवा नेतृत्वमा शुरु गरिएको युवा जलवायु न्याय कोषले २०२३ मा प्रथम चरणको वित्तीय संकलन गरेको थियो । उनीहरुको लगानीले युवाबाट सञ्चालित आधारभूत प्रक्रियाहरुमा बल पुग्नेछ । युवा संगठन र सहयोगीले छरिएर रहेका युवा पहलहरु, श्रोत परिचालन र एकीकरण तथा योगदानका लागि अवसरको पहिचान गरी साझा रणनीति निर्माणमा महत्वपूर्ण भूमिका खेल्छ ।

**युवाले नेतृत्वबाट सिक्ने प्रशस्त ठाउँ पाएको सुनिश्चित गर्न:**

- आफुलाई विश्वास गर्न, सोचविचार गरेर जोखिम लिन र नवीन विचारहरु परिक्षण गर्नका लागि अग्रज तथा मार्गदर्शकले युवालाई अभिप्रेरित गर्नुपर्दछ । यसको बदलामा अग्रज तथा मार्गदर्शकबाट पाएको प्रतिक्रियाका लागि युवाहरु खुला र उत्सुक हुनु पर्दछ ।
- युवा संगठनले आफ्नो शक्तिको प्रयोग युवा रणनीतिलाई परिचालन, एकीकरण र मजबुत बनाउन गर्नु पर्दछ । उनीहरुले युवा नेतालाई एउटा 'घर' प्रदान गर्नु पर्दछ जसमा युवाले परिवेश अनुसारका अवसर र नीतिहरु, श्रोतहरुको आँकलन र सञ्जालको पहिचान गर्न सघाइने छ । उनीहरुले युवालाई उनीहरुको कार्यलाई सुदृढ बनाउनका लागि श्रोतसाधनहरु, प्राविधिक दक्षता र मञ्चहरु उपलब्ध गराउनु पर्दछ ।



- सहयोगी र समर्थक संस्थाहरुले रणनीतिक विकासका लागि युवालाई बुजकोर्ष (बिजकोष) र प्राविधिक सहयोग उपलब्ध गराउनु पर्दछ । उनीहरुले समग्र रणनीतियुक्त प्रस्तावलाई स्वीकार गर्नुपर्छ ताकि युवा नेताहरु उपेक्षित मनस्थितिबाट गुज्रन बाध्य हुन नपरोस् । फराकिलो अर्थमा, उनीहरुले युवा संगठनलाई प्राप्त कोषमा न्यून बाधा पुग्नेगरी उद्देश्य अनुरुपको मार्गदर्शन अपनाउनु पर्दछ । उनीहरुले युवा संगठनमा प्रत्यक्ष लगानी गर्दै वित्तीय व्यवस्थापनका लागि सक्षम बनाउनु पर्दछ

## सिद्धान्त ४: युवा सुरक्षा साझा दायित्व

आदिवासी जनजाति र स्थानीय समुदायले विभिन्न तहका विभेद, शोषण र हिंसाको अनुभव गरेका छन्, यो अन्तरपुस्ता आघातको रुपमा युवामा हस्तान्तरण हुन्छ । पहिचानको प्रतिच्छेदनले (उदाहरणको लागि जस्तै लिङ्ग, क्षमता, लैङ्गिकताका आधारमा) पनि युवाहरुलाई समुदाय भित्र र बाहिर गरिने व्यवहारमा प्रभाव पारेको हुन्छ । यी अनुभवहरुले युवाहरुमा राजनीतिकरणको भावना जागृत हुन्छ र उनीहरुलाई न्यायका लागि लड्न प्रेरित गर्दछ । कहिलेकाहि भने यसले थप अपराधिकरण र हिंसालाई निम्त्याउँछ । त्यसैले कुनैपनि आदिवासी वा स्थानीय समुदायका युवाले सञ्चालन गर्ने कुनैपनि पहलका लागि युवा सुरक्षा अत्यावश्यक सिद्धान्त हो ।



युवाहरुले "सुरक्षा" लाई कसरी परिभाषित गर्दछन् भन्ने कुरा सन्दर्भ अनुसार भर पर्दछ । यदपी, केही मुख्य धारणा स्पष्ट छन् । पहिलो, मानव अधिकार रक्षकको (उनीहरुको समुदायको) सुरक्षा प्राथमिकतामा पर्दछ । अधिकारबाहक संगठनहरुले आकस्मिक कोष र कानुनी सहयोगका रुपमा यसअघि सहयोग परिचालन गरिसकेको छन् र युवा यस सहयोगलाई अझ विस्तार भएको हेर्न चाहन्छन् । उनीहरु मानसिक स्वास्थ्य सहयोग र आघातका बारेमा सुचित अभ्यासहरु पनि लागु भएको हेर्न चाहन्छन् । दोश्रो, केही युवाले स्वयंसेवक र कर्मचारी दुवैका रुपमा संगठनभित्र खराब अन्तरवैयक्तिक व्यवहारको अनुभव गर्दछन् । उनीहरुसँग अस्वस्थ खाले त्यागको अपेक्षा गरिन्छ जसका कारण उत्तेजना वा वित्तीय असुरक्षाको जोखिम बढेर जान्छ । अन्य युवासँगको प्रतिस्पर्धात्मक तुलना वा उनीहरुको विश्वसनीयतामा बारम्बार चूनौती दिनु जस्ता कार्यले उनीहरुको गरिमा र उत्प्रेरणा घटेर जान्छ । युवाहरु आफ्ना अथक योगदानहरुको कदर भएको हेर्न चाहन्छन् । उनीहरु संगठनभित्र सम्मान र न्यायको परिपालना भएको हेर्न चाहन्छन्, ठ्याक्कै जसरी उनीहरु बाहिर लडिरहेका छन् ।

**युवा सुरक्षा प्रवर्धन गर्न:**

- युवा संगठन र उनीहरुका सहयोगीले नियमित रुपमा युवालाई हुने जोखिमको मूल्यांकन गर्नु पर्दछ र त्यसको न्यूनीकरण र सम्बोधनका लागि साधनको बाँडफाँड गर्नु पर्दछ । युवाहरुले बेहोर्न सक्ने जोखिम अनुरुप कार्य व्यवस्थापनमा संलग्न हुनु पर्दछ । उनीहरुले सामना गर्ने जोखिमको सम्बोधन गर्न डिजिटल सुरक्षा तालिम वा कानुनी सहयोग जस्ता माध्यमको पहुँच हुनु पर्दछन् ।

- युवा संगठन र उनीहरुका सहयोगीसित सम्मान, उचित व्यवहार र स्वस्थ अन्तरवैयक्तिक सम्बन्ध सुनिश्चत गर्नका लागि संरचनात्मक सुरक्षा उपाय हरदम तयार राख्नु पर्दछ । यी संरचनात्मक सुरक्षालाई संगठनभित्रको पारदर्शिता र समावेशीताका संस्क्रतसंग  संस्कृतुँग जोड्नु पर्दछ ।
- जब द्वन्द्व  चर्कन्छ, युवा संगठन र उनीहरुका सहयोगीले मध्यस्थकर्ता र द्वन्द्व समाधानका उपायहरु खोज्नु पर्दछ । यी उपायहरुले सम्बन्ध सुधार्ने र विश्वसनीयताको पुनर्जागरणमा ध्यान दिनु पर्दछ । शक्तिको दुरुपयोग सह्य हुने छैन ।
- सबै पृष्ठभूमिका युवाहरुमा नेतृत्व विकास होस् भन्ने सुनिश्चित गर्न युवा क्षतिपूर्तिलाई समस्त युवा व्यवस्थापन परियोजनामा समावेश गर्ने ।
- स्वस्थ सन्तुलन र सिमा निर्धारणलाई अनुसरण र प्रोत्साहन गर्ने । अति परिश्रम र उत्तेजनालाई सामान्य नमान्ने । यसले हेरचाह गर्ने, परिवार भएका वा पूर्ण सहभागिताका लागि सिमित समय र श्रोत भएका युवालाई प्रोत्साहन प्रदान गर्दछ ।

## सिद्धान्त ५: ऐक्यवद्धता पवित्र छन्

युवाहरु विभिन्न स्तरमा (उदाहरणको लागि जस्तै, स्थानीय, राष्ट्रिय र विश्वव्यापी) र जल्दाबल्दा मुद्धा (जस्तै जलवायु, लिङ्ग, जीविकोपार्जन) क्रियाशिल रहन्छन् । उनीहरु विभिन्न पृष्ठभूमिबाट आएका युवाहरुसँग काम गर्न तत्पर हुन्छन् । यसलाई शहरी-ग्रामीण आदानप्रदान, उत्तर-दक्षिण गठबन्धन र आदिवासी-गैरआदिवासी एकताको रुपमा हेर्न सकिन्छ । यस्ता प्रक्रियाबाट बनाइएका सम्बन्धहरुले युवा नेताहरुले कहिलेकाहि महसुस गर्ने एक्लोपनाका लागि औषधिको काम गर्दछ । यस्तैगरी स्तर, क्षेत्रीय, भाषिक, वा शक्ति भिन्नतामा पनि यी सम्बन्धले काम गर्दछ । सुमधुर सम्बन्धका क्षणहरुले वर्षौवर्षसम्म सकारात्मक प्रभाव पार्ने मित्रता र सहकार्य बढाउन सक्छ । यो प्रतिवेदन यसको एउटा उदाहरण हो ।

युवाहरुका लागि यस्तै एकताका माध्यमबाट शक्ति सम्बन्धहरु रुपान्तरण गर्नु उनीहरुको लडाइका एक भाग हो । विपरित फरक वर्ग, फरक समुदायहरु र बहुसरोकारवालाहरुको एकताले युवालाई अगाडि बढ्न सघाउँछ । यसले दुइटै पक्षलाई सिकाएको छ कि, भिन्नता हुँदाहुँदै पनि यसले हामीलाई परिभाषित गर्दैन । श्रोतको पुनर्वितरण, संयुक्त शिविरहरु, र समूहबीचको सिकाइ र उत्तरदायित्व, सबै एकताका उदाहरणहरु हुन् । आत्मसुरक्षाका नाममा समुहहरु प्राय 'हाम्रो र उनीहरुको' भन्दै बसिरहेका हुन्छन् भन्ने कुरा युवाहरुलाई थाहा छ । यसले समूहबीच फाटो ल्याउने काम गर्छ ।

युवाहरु छुट्टै किसिमले काम गर्न चाहन्छन् किनकि उनीहरु रणनीतिक र परिपूर्ति गर्ने दुवै खालको हुन्छ । युवा नेताहरुलाई एकता र समावेशिताप्रतिको प्रतिबद्धता आफ्नै बाँचेका अनुभवहरुबाट प्राप्त हुन्छ । उनीहरुले आफ्नो जीवनमा नसोचिएका कुना काप्चाबाट सहयोग प्राप्त गरेका हुन्छन र त्यसैलाई फिर्ता दिन चाहन्छन् । उनीहरुले महसुस गरेका छन् कि जित्नुको एउटा मात्र बाटो सँगै जित्नु हो । यो कुरा प्रकृतिमा भएका सबै बस्तु एक अर्कासँग परस्पर रुपले अन्तर्सम्बन्धित छन् भन्ने आदिवासी जनजाति र सामुदायिक विचारसँग मेल खान्छ ।



**उच्च स्तरको एक्यवद्धता कस्तो देखिन्छ?**

- युवा र उनीहरुका सहयोगीहरुले जति "सानो" भएपनि आफुहरुले पेश गर्न लागेका कुरामा ध्यान दिन जरुरी छ । प्रत्येक योगदानले सामूहिक शक्तिको निर्माण गरी सम्बन्धलाई सुद्रढ पार्दछ भन्ने कुरा उनीहरुले बुझ्नु पर्दछ । कहिलेकाहिँ कसैको पहिचानलाई अंगाल्दै उनीहरुको सम्मान मात्र गर्दा पुग्छ ।
- युवा संगठनले आफ्ना काम र बृहत लडाइ (उदाहरणको लागि जस्तै, जलवायु परिवर्तन, लैङगिक समानता, मजदुर अधिकार) बीचको सम्बन्धको निरन्तर खोजी गर्नु पर्दछ र आफुसँग क्षमता छ भने अरुका लागि उठ्नु पर्दछ । सहयोगीहरुले युवालाई एक अर्कासँग सम्बन्ध गाँस्न सघाउँछ । यसले गर्दा उनीहरुको प्रभाव मापनविधि, मुद्धाहरु र पहिचानलाई थप सुद्रढ गर्न सक्दछ ।
- एकता सम्बन्ध स्थापित गर्ने क्रममा भूमिका स्पष्ट हुनु पर्दछ र आफ्ना समकक्षी राम्रो नियतले आएको छ की छैन भन्ने सम्बन्धमा सजग रहनु पर्दछ । क्षति पुगिसकेको खण्डमा, त्यसलाई स्वीकार्दै सच्याउनतिर लाग्नु पर्दछ ।
- सापेक्ष शक्ति र विशेषाधिकारयुक्त युवा र सहयोगीहरुले आफु र आफ्ना समकक्षीलाई उद्देश्यमुखी र शक्ति तथा श्रोतको भौतिक पुनर्वितरणका लागि जिम्मेवार बनाउनु पर्दछ । उनीहरु असहजतालाई हटाएर निरन्तर सिकाइमा संलग्न हुन सक्नु पर्छ । उनीहरुले आफ्ना सामाजिक पूँजी र सञ्जाललाई एकजुट भई लाभ उठाउनु पर्दछ ।
- दाता संस्थाले युवा समकक्षीसित न्यायपूर्ण र अर्थपूर्ण सम्बन्ध स्थापित गर्नु पर्दछ । उनीहरुले सामूहिक भूमि अधिकारलाई सहयोग र सामूहिक उद्देश्यको व्यवस्थापन गर्ने आफनो बाचालाई पुरा गर्नु पर्दछ । उनीहरुले आफ्नो क्षेत्र भन्दा बाहिर योगदान गर्नु पर्दछ (उदाहरणका लागि जस्तै, समय, ज्ञान, सीप, पहुँच) । अनुदान दिने नैतिकता र मूल्य मान्यताका (उदाहरणका लागि जसको भूमि, श्रम र श्रोतहरुबाट आर्जित सम्पति कसरी अनुदान निर्माणमा प्रयोग गरिन्छ भन्ने कुरा सूचित गर्ने रणनीतिहरु) विषयमा उनीहरु पारदर्शी हुनुपर्दछ । यसले गर्दा युवाहरुले आफ्ना मार्गचित्रको मूल्याङ्कन गर्न सक्दछन् ।

# निष्कर्ष

"आधारभूत तहका संगठनहरु अक्सर भन्ने गर्दछन्, 'म त मेरो भूमि र मान्छेको मात्र संरक्षण गर्दैछु ।' वातावरण र मानिसलाई मात्र नष्ट गर्ने उत्खनन परियोजनालाई समुदायमा भित्रिन नदिनुमा के गलत छ?" एवाइआईपीएनकी संयोजक आइसा मारियानो प्रश्न गर्छिन्, "आदिवासी युवा भएको नाताले हाम्रो संघर्ष आत्मनिर्णय र पुख्र्यौली भूमिको संरक्षणको लागि सही र न्यायपूर्ण छ ।"

आयशा सिद्दीकी संयुक्त राष्ट्रसंघका महासचिवको जलवायु परिवर्तन सम्बन्धी युवा सल्लाहकार समूहकी एक सदस्य हुन् । उनी जलवायु अभियन्ता बन्नुको कारण खुलाउँछिन्, "जब तपाईबाट तपाइकै भुमि र श्रोतहरु खोसिन्छन्... जब भूमि कब्जा र चरम गरिबीका कारण स्वास्थ्य समस्या देखा पर्दछन्, तपाई राजनीतिमा धकेलिनु हुन्छ"।

आइसा र आयशा भिन्न परिवेशमा काम गर्छन् र भिन्न आधारमा अभियान चलाउँछन् । दुवै जनाले आफ्ना सहपाठी युवालाई सिकाउँछन् कि हाम्रा क्रियाकलाप अग्रज पुस्ताबाट हस्तान्तरित एउटा आध्यात्मिक उत्तरदायित्व हो । आयशा विचार प्रकट गर्छिन्, "जब तपाईले नदी र वरिपरि भएका सबै प्रजातिलाई आफ्नो परिवारको विस्तारित रुप देख्नुहुन्छ, आफ्ना मातापिताको रक्षा गरे सरह नै उनीहरुको संरक्षण पनि जरुरी हुन्छ" । फिलिपिन्सकी आइसाकी आमा तथा समुदायकी स्वास्थ्य अभियन्ता ज्याचेल मरियानोलाई जब बढाइचढाइ गरेर हत्यालगायतका आरोपहरु लगाएर जेलमा हालियो, तब उनको लागि यो घटना मार्मिक बन्यो । एक वर्ष भन्दा बढी जेल जीवन बिताए पछि अन्ततः सबै आरोपबाट आमाले सफाइ पाइन् र जेलमुक्त भइन् । हाल आदिवासी समूहलाई आतंककारी संगठनको बिल्ला भिराएर तिनीहरुका बैंक खाता बन्द गरिएको छ । जब आयशाले संयुक्त राज्य अमेरिकाको आतंकवाद विरुद्धको अनुभव गरिन्, उनको पाकिस्तानी समुदायको घरदैलोमा आतंक मचाइयो, यो उनको लागि एउटा नयाँ मोड बन्यो ।

आइसा र आयशाका कथाले यो जनाउँछ कि युवाहरु सरोकारका मुद्धाहरु बुझ्दछन् किनकि उनीहरु त्यसबाट गुज्रिसकेका छन् । उनीहरु बुझ्छन् कि मुद्दाहरु एक आपसमा अन्तरसम्बन्धित छन् र गाडिएर बसेका छन् किनभने उनीहरुले सो मुद्दालाई सुल्झाउन र सम्बोधन गर्न लडेका छन् । उनीहरुको लडाईले उनीहरुलाई समुदाय, भूमि र एक अर्कासित जुट्न  मदत गरेको छ । तर यी सबै भन्दा महत्वपूर्ण कुरा, उनीहरुले आफ्नो लडाई र आफ्ना अग्रज, मार्गदर्शक, सहयोगी र साथीहरुका लडाई पनि देखेका छन् । उनीहरु जित्नका लागि चाहिने साहस, प्रतिबद्धता र प्रज्ञानलाई एकजुट पारेर लड्न तयार छन् ।

# कृतज्ञता

यो दस्तावेजमा अभिलेखित युवाहरुको यात्रा जस्तै, यस दस्तावेजको कथा पनि घुम्तीहरु पार गर्दै, धैर्यतापूर्ण सहकार्य र परिवर्तनकारी प्रशिक्षणको परिणाम हो । यस परियोजनामा विश्वास गरेर यस साभक् सन्देश विकासको चुनौतीलाई स्वीकार गरेकामा हामी सबै सहलेखकहरूप्रति अत्यन्त आभारी छौं ।

सन् २०१९ मा अधिकारमा आधारित दीगो विकासमा आदिवासी युवाहरुको भूमिमा विषयक दक्षिणपूर्वी एसियाको क्षेत्रीय मञ्चका बेला आरआरआइकी लौरा भ्यालेन्सियाको सहयेगमा आमानका अगुवाहरु नेदिने सुलु, मिना सत्र, झोन्टोनी तरिहोरन, र लाइफमोजाइकका एनी स्ट्गानिङसिसले कफी पिउँदै यस दस्तावेजको बीजारोपण गरेका थिए । त्यो बीजको अंकुरन सन् २००० मा लौरा र ओसीए इन्टर्न क्रिस्टिना फोम्सोभलहले आरआरआइको एसिया कार्यक्रममार्फत युवा म्यापिङ प्रकृया सुरु गरेपछि भयो । प्रारम्भिक चरणका यवा गतिविधि र रणनीतिहरुको म्यापिङमा सहभागी भएकामा आइसा जारियान मारियानो, आङ्निमा लामा, अर्चना सोरेङ, चन्द्र त्रिपुरा, चारु विकास त्रिपुरा, डेट्टी सालुलिङ, फेरी विडोडो, फ्लोरेन्स डागुटान, जाकोब सिरिन्गोरिङ्गो, जोसुआ सितुमोराङ, काल्फिन वुइसा, प्रवीण मोटे, प्रीति गुरुङ, शोभा माधन, ओन्चुङ, सुमित्रा घोष र छिरिङ वाङ्मु शेर्पाप्रति आभारी छौं । यस प्रक्रियामा थप विचारसहित बीउहरू थपिए, यो परियोजनाको जग हामीले सुरुमा सोचेको भन्दा बर्हत बन्यो ।

सन् २०२० को डिसेम्बरमा, प्रारम्भिक निष्कर्षहरू युवा समूहहरू माझ प्रस्तुत गरियो र प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार गरियो । प्रारम्भिक प्रतिवेदनको मस्यौदा एनी-सोफी गिन्ड्रोज, थोमस वर्स्डेल र कुन्दन कुमारका सल्लाह र सुझावसहित लौरा भ्यालेन्सियाको नेतृत्वमा तयार पारिएको थियो । अर्चना सोरेङ, जाकोब सिरिन्गोरिङ्गो, जोसुआ सितुमोराङ, वाहुबिनातारा फर्नान्डेज र शोभा मदनले प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार पारेका थिए । बहासा इन्डोनेसियामा गरिएको प्रारम्भिक अनुवादको समीक्षा एनी-सोफी गिन्ड्रोजले गरेकी थिइन् ।

सन् २०२३ मा जब क्षेत्रीय युवा कार्यक्रम विकास गर्ने प्रक्रियामा आरइसीओएफटीसी, एआइपीपी र एआइवाइपी औपचारिक रूपमा आरआरआइसँग जोडिए, त्यसपछि प्रकृयाले पुनः बाटोमा समायो । हामीले पहिलो सहकार्यको रुपमा अन्तर्राष्ट्रिय युवा दिवस मनायौं, जसले हाम्रो सोचलाई थप बल पुर्‍यायो र आकार ग्रहण गर्न मद्दत गर्‍यो । अर्चना सोरेङ, किम फल्याओ, नेड टुगुइने, सब्बा महर्जन, सिती मार्फुआ, मिशेलिन सल्लाता, दीपक मिन्ज र अन्य धेरै आदिवासी र स्थानीय समुदायका युवाहरूले यस प्रक्रियामा प्रेरणादायी नेतृत्व देखाए । मायन मोजादो, जनालेज़ा एस्टेबन, मैरी एन लान्ज़ा, निपुण कुम्बलथारा, के जंग, चारु विकास, एडिथ फिलिप र लौरा भ्यालेन्सियाका साथै आरइसीओएफटीसी, आरआर र एआइवाइपीका अन्य धेरै जनाले यसमा सहयोग पुर्‍याए ।

एआइवाइपी, एवाइआइपीएन र काताले यस प्रतिवेदनलाई एउटा विरुवा उम्रिएदेखि परिपक्क हुने बेलासम्म जस्तै स्याहार गरेर ध्यान दिए । प्रतिवेदनको समीक्षा प्रकृयामा जुन ढंगले ध्यान दिए त्यसका लागि हामी सब्बा महर्जन र मिशेलिन सल्लाताप्रति आभारी छौं । निकोल ह्यारिसको सञ्चार सहयोग र ओसीए इन्टर्न एडिथ फिलिपको अनुसन्धान सहयोगमा यस प्रतिवेदनलाई अन्तिम् रुपमा दिने काम भने आरआरआइले गरेको हो । लौरा भ्यालेन्सिया र अर्चना सोरेङ यस प्रतिवेदनका प्रमुख सम्पादकहरू हुन्, उनीहरुले युवा अगुवाहरु र तिनका सहकर्मीहरुसँग संवाद गरेर उनीहरुको गहिरा

कुराहरु खोतल्नुका साथै युवा आयोजकका रुपमा आफ्नै पनि सान्दर्भिक अनुभवहरुलाई संकलन गरेर प्रस्तुत गरेका छन् । क्रिस अयु मदिनाले प्रतिवेदनलाई अन्तिम रुप दिनका लागि अनुसूचीहरु, उदाहरणहरु र फोटोहरूलाई व्यवस्थित गरिदिएका हुन् । यस प्रकृयामा आरइसीओएफटीसीका मायन मोजाडो, मेरी एन लान्जा र पीच कानपाकडीले आरआरआइसँगको साझेदारीमा सञ्चार र प्रशासनिक कार्यहरु संहालेका थिए । रोज नियरास, कमला थापा, देवी सुतेजोले हामीलाई अन्तिमसम्म पनि नैतिक समर्थन जनाउनु भयो । एलेन फ़्रेचेट, मिशेल सोनकौए, डेविड क्रोकर-मौस, और निकोल हैरिसले मस्यौदमा महत्वपूर्ण प्रतिक्रिया प्रदान गरे । विशेष गरी सोलान्जे बान्डियाकी-बड्जी, गम सिमरे, के जंग र डेभिड गान्जलाई अन्तरपुस्ता नेतृत्व एउटै टेबुलमा ल्याउनको लागि गरेको योगदानको लागि धन्यवाद दिन चाहन्छौं ।

डिजाइनर सुप्रिया टिर्कीले आफ्नो कलाको माध्यमबाट आकर्षक रुपमा प्रस्तुत गरेर हाम्रो साझेदारी प्रकृयालाई उनले खुला रुपमा साथ दिइन् ।

बहासा इन्डोनेसिया, हिन्दी र नेपाली भाषाका अनुवादकहरु आयु सेप्टियारी, हृदयेश जोशी र खिम घले तथा अनुवाद समीक्षकहरू क्रिस आयु मदिना, गुञ्जाल इकिर र कमला थापा बिना यो कार्य सम्भव थिएन । निकोल ह्यारिसले यस जटिल बहुभाषिक भोजनको समन्वय गरेका हुन् ।

यो भोजन ग्रहण गर्नुअघि एक छिन अडिनु पर्छ । हामीले स्थानिय तहका अगुवाहरुको पुस्तालाई स्वीकार गर्नै पर्छ, जो युवाबाट पाका हुँदै पुर्खाका रुपमा परिवर्तन भएका छन् । तपाईंको ज्ञान सूर्यको किरण हो, जसबाट सबै चीजहरू हुर्कन्छ, जुन अझै पनि लेख्न बाँकी नै छ ।



वन नक्सांकन प्रशिक्षकले मिशेलिन सल्लाटासँग रूखका प्रजातिहरूको नक्सा समीक्षा गर्न काम गरिरहेका छन् । स्थानीय नक्सांकन प्रविधिको प्रयोगमा आदिवासी युवाहरूले आफ्नो इलाकामा रूखहरुको स्वास्थ्यको निगरानी गर्न सक्छन् । तस्बिर: त्रि नेपा फे, २०२३ ।

# अनुसूची 1: पढ्नलाई सिफारिस

एसियाका आदिवासी तथा स्थानीय समुदायका युवा

- हास्य पुस्तक "लेट्स गो ब्याक होम"। यो पुस्तक माई योड भिलेज, दिगो विकासका लागि पगाकेन्याव एसोसिएशन (पीएएसडी), र एशिया इण्डिजिनियस् पिपल्स प्याक्ट (एआइपीपी) को सहउत्पादन हो । यसले आदिवासी युवाहरु बीचमा आफ्नो उत्पत्ति र सांस्कृतिक पहिचानका सम्बन्धमा प्रेम, सम्मान र गर्व सिर्जना गर्नुका साथै आदिवासी जनजातिहरूको जीवन र जीविकोपार्जनको गहिरो बुझाइ सिर्जना गर्ने उद्देश्यले राखेको छ । यसमा प्रकृतिसँग घनिष्ठ रूपमा गाँसिएको उनीहरुको परम्परागत जीवनशैली र संस्कृतिको उजागर गरिएको छ," उदाहरणको रुपमा पगाकेन्याव आदिवासीहरूले आफ्नै भाषा, संस्कृति, परम्परा र समृद्ध ज्ञानमार्फत आफ्नो समुदाय र प्राकृतिक स्रोतहरूलाई दिगो रूपमा व्यवस्थापन गरिएको सन्दर्भ चित्रण गरिएको छ ।

- एसिया-प्यासिफिक इन्डिजिनस युथ नेटवर्क (एपीआइवाइएन) को २००७ को सम्मेलनको प्रतिवेदनमा एशिया-प्रशान्त क्षेत्रका १७ देशका १०० भन्दा बढी सहभागीहरूको कथाहरु समेटिएको छ । अन्तर्राष्ट्रिय वातावरणीय अभियानका लागि आदिवासी युवाहरूको गतिशीलता र आदर्शवाद तथा संयुक्त राष्ट्र संघका गतिविधिहरूमा उनीहरूको मजबुत सहभागितालाई उपयोग गर्ने उद्देश्यले सम्मेलनको प्रतिवेदनमा मुख्य तीन खण्डहरु समावेश गरिएको छ: पहिलो, वन र जैविक विविधतासम्बन्धी महासन्धि, दोस्रो, नेतृत्व प्रशिक्षण, र तेस्रो, यूएनपीएफआइआइ०७ को लागि तयारी बैठक तथा एपीआइवाइएनको महासभा । प्रतिवेदनले यी तीन वटै खण्डहरुले लैंगिकतालाई प्राथमिकतासहित विस्तृत रूपमा समेटेको छ ।
- "ब्याक टु द भिलेजः इन्डोनेसियामा आदिवासी शिक्षा" । यो इन्डोनेसिया र फिलिपिन्सभरिका आदिवासी शिक्षाविद्हरूको कासेपुहान सिप्टेगलर, पश्चिम जाभामा भएको भेलाको वृत्तचित्र हो । तिनीहरूले विद्यमान शिक्षा प्रणालीका समस्याहरूबारे छलफल गर्छन् र कसरी भविष्यमा आफ्नै आदिवासी शिक्षाको सुरुवात गर्नु आवश्यक छ भन्ने सम्बन्धमा दंरदृष्टि विकास गर्छन्, जसमा – आदिवासी शिक्षा उनीहरुको आफ्नै स्वनिर्धारित विधि र सामग्रीहरूमा आधारित हुन्छ ।
- "क्यारीङ अन द फाइट" । यस पुस्तकको अध्यायमा फिलिपिन्समा आदिवासीको सङ्घर्षमा सहभागी तथा एशिया युवा आदिवासी नेटवर्क (एवाइआइपीएन) को अंगका रुपमा रहेका अन्य आदिवासी युवा सङ्गठनहरूमा समेत सक्रिय आइसाले आदिवासीहरुले सामना गरिरहेका चार सवालहरुको चित्रण गरेकी छन् । उनले "किन" र "कसरी" आदिवासी युवाहरूले आदिवासी जनजातिको अवस्थालाई अझ उन्नत बनाउन र वर्तमान तथा भविष्यका राम्रो नेता बन्न सक्छन् भन्ने प्रश्नहरूमा विस्तृत रूपमा व्याख्या गरेकी छन् । साथै उनले लेखमा एवाइआइपीएनमा आबद्ध विभिन्न युवा समूहहरूले स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सन्दर्भमा गरेका असल अभ्यासहरू प्रस्तुत गरेर विस्तृतमा व्याख्या गरेकी छन्
- "दिगो विश्वका लागि आदिवासी र स्थानीय समुदायका युवाहरूलाई सशक्तिकरण" । यो इन्डोनेसिया, नेपाल र भारतका युवा संगठनहरू (काटा, बीपीएएन, वाइफिन, र एनपीभीटीजीएफ) तथा क्षेत्रीय समूह एशिया आदिवासी युवा प्लेटफर्म (एआइवाइपी) को नेतृत्वमा अगस्ट ११, २०२३ मा आयोजित अन्तर्राष्ट्रिय युवा दिवस समारोहको रेकर्डिङ हो । यसलाई आरइसीओएफटीसी, आरआरआइ र एआइपीपीले प्राविधिक सहयोग गरेका थिए । साढे दुई घण्टा लामो यस भिडियोमा एसिया क्षेत्रका आदिवासी र स्थानीय समुदायहरूले अधिकारका लागि क्रियाशिलता, भूमि अधिकार र दिगो भूमि व्यवस्थापन सम्बन्धी आफ्नो दृष्टिकोण, अनुभव र विशेषज्ञता आदानप्रदान गरेका छन् । यसमा आदिवासी जनजातिलाई प्रकृतिसँगको दीगो र सौहार्दतापूर्ण जीवन जीउन सक्षम बनाउनका लागि अन्तरपुस्ता (पाकाबाट युवा) ज्ञानको हस्तान्तरबारे प्रकाश पारिएको छ ।

एसियामा सामुहिक भूमि अधिकार

- "संरक्षण र जैविक विविधता लक्ष्यहरूसँग एसियाको सामुदायिक भूमि अधिकारहरूको समायोजन" । यो प्रतिवेदन दक्षिण र दक्षिणपूर्वी एशियाका २० भन्दाबढी आदिवासी र स्थानीय सामुदायिक संस्थाहरूद्वारा सहलेखन गरिएको हो । यसले संरक्षणलाई प्राकृतिक स्रोत व्यवस्थापनको मुद्दा मात्र नभई आदिवासी जनजाति र स्थानीय समुदायहरूको स्वनिर्धारित विकास आकांक्षाहरू प्राप्त गर्ने शासन, स्वायत्तता र सार्वभौमसत्ताको सवालहरुलाई उजागर गर्दछ । यसमा एसियाको अद्वितीय केन्द्रिय राजनीतिक यथार्थको आधारमा मानव अधिकार र संरक्षणको बहसलाई पुनस्थापित गर्नका लागि समुदायहरुबाट तथ्यांक र कथाहरु संकलन गरिएको छ ।

- "कोभिडको आवरणमा: आदिवासी र स्थानीय समुदायको भूमि र भूक्षेत्रसम्बन्धी अधिकारहरु कटौती गर्ने खालका व्यवसाय प्रबर्द्धन गर्ने एशियाका नयाँ कानुनहरु" । यसमा कोभिड–१९ का बेला भारत, इन्डोनेसिया र फिलिपिन्समा दिगो मानव-वातावरण सम्बन्ध र आदिवासी जनजाति तथा स्थानीय समुदायहरूको परम्परागत भूक्षेत्रहरूमाथिको उनीहरुको अधिकारलाई कमजोर बनाउने खालका विधायिकी विकासक्रमको जाँच गरिएको छ । यसले तीनवटा विषयबस्तुमार्फत विधायिकी विकासक्रमलाई संक्षेपमा उल्लेख गरेको छ, ती हुन्: अवसरवादी बिस्तार, कर्पोरेट संस्थाहरुलाई प्रोत्साहन तथा क्षतिपूर्ति र आदिवासी तथा स्थानीय समुदायहरूको अधिकारलाई नजरअन्दाज गर्दै लादिएका महामारी समाधानका उपायहरु ।

विश्व विश्लेषण

- भूमि अधिकार मानक । यो दस्तावेज दिगो विकासका लागि आदिवासी जनजातिको प्रमुख समूह (आइपीएमजी) र राइट्स एण्ड रिसोर्स इनिसिएटिभ (आरआरआइ) ले फरेष्ट पीपुल्स प्रोग्राम (एफपीपी) र ग्लोबल ल्यान्डस्केप फोरम (जीएलएफ) को सहयोगमा तयार पारिएको हो । यसलाई ७४ संस्था, प्रतिष्ठान, कम्पनी र लगानीकर्ताले अनुमोदन गरेका छन् । यो भूमिको पुनर्स्थापना र व्यवस्थापन, संरक्षण, जलवायु गतिविधि, र विकास परियोजनाहरू तथा कार्यक्रमहरूमा आदिवासी जनजाति, स्थानीय समुदायहरू र अफ्रो-वंशज मानिसहरूको भूमि र स्रोत माथिको अधिकारलाई मान्यता र सम्मान गर्ने असल अभ्यासका सिद्धान्तहरूको संकलन हो ।

- "_विश्वको भूमि कसको स्वामित्वमा छ?" को दोस्रो संस्करण । यो दीगो विकास लक्ष्यहरु (एसडीजी) को पहिलो पाँच वर्ष (२०१५-२०२०), पेरिस सम्झौता र भूमि अधिकार सम्बन्धमा भएका प्रगति प्रतिवेदन हो । यसले विश्वको ८५ प्रतिशत भूभाग ओगटेका ७३ देशहरूमा रहेका आदिवासी जनजाति र स्थानीय समुदायको स्वामित्वमा रहेको कानुनी रूपमा मान्यता प्राप्त भूमिको अद्यावधिक तथ्याङ्क उपलब्ध गराएर सामुदायिक स्वामित्वमा रहेको जग्गाको क्षेत्रफल दोब्बर बनाउने लक्ष्य राखेएको छ । यसले राष्ट्रिय सरकारले अझै कानुनी रुपमा मान्यता नदिएका तर आदिवासी, अफ्रो-वंशज र स्थानीय समुदायहरूको परम्परागत स्वामित्वमा रहेका र प्रयोग गर्दै आएका भूक्षेत्रको अनुमानलाई पुन:अवलोकन र विस्तार गर्दछ ।

- लाइफमोज़ेकको "नेक्स्ट जेनरेशन लीडरशिप परियोजना" ले आदिवासी जनजाति युवाहरूका मौलिक तालिमहरूको सृजना र सञ्चालन गर्दछ । साथै उनीहरुलाई आफ्नै संस्कृतिमा आधारित भएर भूमिको रक्षाका लागि आवश्यक सहभागितामूलक सहजीकरणको सीपहरु उपलआध गराउँछ । यसले तल्लो तहका सामुदायिक अगुवाहरु, आन्दोलनकर्ताहरू र परिवर्तनका संवाहकहरूलाई नयाँ पुस्ताको उदयलाई सघाउन मद्दत गर्दछ । साथै ७५ भन्दा धेरै सहभागिताका विधिहरू प्रयोग गरेर समुदायहरूलाई उनीहरूको आत्मनिर्धारित विकासलाई व्यवहारमा ल्याउनका लागि पनि यसले सघाउ पुर्याउदछ ।

- युवा जलवायु न्याय अध्ययनमा सन् १९९९ देखि २०२२ सम्म युवाहरुको नेतृत्वमा भएका जलवायु न्याय आन्दोलनको विकास र प्रभावका बारेमा लेखिएका लेख, विश्लेषण र प्रतिवेदनहरुको सूची छ । यस आन्दोलनमा सक्रिय व्यक्तिहरु र यसका दाताहरुको लागि उपयोगी सन्दर्भ स्रोत उपलब्ध गराउने यसको लक्ष्य रहेको छ । यसमा प्रत्येक लेखको लागि हाइपरलिङ्क प्रदान गरिएको छ । केही लेखहरु किन्नु पर्ने छन्, त्यस्तका लागि लेखकलाई अनुरोध गर्नुपर्ने हुन्छ । यद्यपी ती लेखहरुमध्ये धेरै डाउनलोड गर्न सकिन्छ । यहाँ उद्धृत गरिएका प्राज्ञिक अनुसन्धान र व्यावसायिक रुपमा प्रकाशित नभएका लेखहरु सन् २०१९ र त्यस पछिका हुन् । यसले त्यस अबधीमा विश्वव्यापी रुपमा जलवायु परिवर्तनमा युवा अभियानको वृद्धिलाई झल्काउँछ

# अनुसूची २: सहलेखकहरु बारे

**अलियान्सी मस्यराकत अदत नुसंतारा (आमान)** वा द्वीपसमूहका आदिवासी पीपुल्स एलायन्स, सन् १९९९ मा स्थापित इण्डोनेशियाका आदिवासी जनजाति समुदायको राष्ट्रिय सञ्जाल हो । आमान आदिवासी जनजातिहरूको सांस्कृतिक, आर्थिक, र राजनीतिक सार्वभौमसत्ता प्राप्तिको लागि लड्दै आएको छ । त्यसैगरी आमानले आदिवासी जनजाति, पुरुष र महिला दुवैको आफ्नो अधिकारको उपभोग गर्न सकून् भनेर आत्मविश्वास, गौरव र मर्यादा पुनर्स्थापित गर्न लड्दै आएको छ । त्यस्तै आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अधिकार कायम गर्न आदिवासी जनजातिको सार्वभौमसत्ता पुनर्स्थापित गर्न, आदिवासी जनजातिहरूको क्षमतालाई अभिबृद्धि गर्न र पृथ्वीको रक्षा गर्नका लागि आदिवासी ज्ञानको विकास गर्न, लोकतान्त्रिक निर्णय प्रक्रियाको विकास गर्नका लागि आदिवासी जनजातिहरूको मान्यता, सम्मान, संरक्षण र पूर्तिको लागि संघर्ष गर्दै आएको छ ।

**एशिया इन्डिजिनस पीपुल्स प्याक्ट (एआईपीपी)**, सन् १९९२ मा एसियाका आदिवासी आन्दोलनद्वारा स्थापित एक क्षेत्रीय संगठन हो । एआइपीपी आदिवासी जनजातिको अधिकार र मानवअधिकारको प्रवर्द्धन र रक्षा गर्न तथा आदिवासी जनजातिको सान्दर्भिक मुद्दाहरूको पैरवी गर्न प्रतिबद्ध छ । यसले एसियाका आदिवासी जनजातिको प्रभावकारी संलग्नता, मौलिक साझेदारी र सशक्तिकरण, उत्थान, अधिकारको संरक्षण, समुदायको अनुकूलन क्षमतालगायतका समावेशी कार्यहरूमार्फत प्रगतिशिल उन्नती गर्ने अधिकार सुरक्षित गर्ने र त्यसका लागि सक्षम बनाउने लक्ष्य राखेको छ । हाल एआईपीपीमा एसियाका १४ देशका ४६ सदस्य संस्थाहरु छन्, जसमध्ये चार आदिवासी युवा संगठनहरु हुन् । एआइपीपीको मुख्य कार्यालय थाइल्याण्डको चियाङमाइमा रहेको छ ।

**एशिया आदिवासी युवा मञ्च (एआइवाइपी)**, सन् २०१९ मा दिगो संसार सिर्जना गर्ने दृष्टिकोणको साथ स्थापना गरिएको हो । आदिवासी जनजातिहरूमा अन्तर्निहित अधिकारको पूर्ण मान्यताको माध्यमबाट सम्मान र समानता प्राप्त गर्न आदिवासी युवाहरुले अग्रणी भूमिका खेल्ने यसको दर्शन रहेको छ । यस दर्शनतर्फ काम गर्दै, एआइवाइपीले एशिया इन्डिजेनियस पीपल्स प्याक्ट (एआइपीपी), यूनेस्को बैंकक र यूएनडीपीको सहयोगमा दक्षिण र दक्षिणपूर्वी एशियाका १२ देशका युवा आदिवासी अगुवाहरुको एउटा सञ्जालको रूपमा काम गरिरहेको छ । समुदाय र युवाहरुले सामना गरिरहेको सबैभन्दा महत्वपूर्ण सवालहरुको सम्बोधनको लागि काम गरिरहेको छ । आफ्नो स्थापनादेखि नै एआइवाइपीले आदिवासी युवाका आवाजलाई सशक्त बनाउन र उनीहरुलाई सशक्तिकरणका लागि श्रृंखलाबद्ध काम गर्दै आएको छ ।

**एशिया युवा आदिवासी जनजाति सञ्जाल (एवाइआइपीएन)**, पहिलो अन्तर्राष्ट्रिय आदिवासी युवा सम्मेलन (आइआएवाइसी) को परिणाम स्वरूप सन् २००२ मा एशिया प्यासिफिक आदिवासी युवा सञ्जाल (एपीआइवाइएन) को रुपमा स्थापना गरिएको थियो । एवाइआइपीएन आत्मनिर्णय, खाद्य सम्प्रभुता, सुरक्षा र सांस्कृतिक अखण्डता तथा सम्पदाको गौरवको लागि संघर्षरत एसिया र विश्वका अन्य भागका आदिवासी युवाहरू बीच मित्रता, एकता, ऐक्यबद्धता र सहयोगलाई प्रवर्द्धन र सहजीकरण गर्न प्रतिबद्ध छ । सञ्जाल विशेष गरी आदिवासी युवाहरूको आत्मनिर्णय, शिक्षा र रोजगारीको अधिकारमार्फत व्यक्तिगत र समुदायको सदस्यको रुपमा उनीहरूको जीवन सुधारतर्फ अभिप्रेरित गर्न प्रतिबद्ध छ। एवाइआइपीएन कार्यालय फिलिपिन्सको बागयो सहरमा रहेको छ ।

**बारिसन पेमुडा अदत नुसन्तारा (बिपान)** वा द्वीपसमूहका आदिवासी युवा मोर्चाको स्थापना २०१२ मा भएको हो । यो युवाहरुबीच एकता, पुनरुत्थान, र क्षमता निर्माणको प्रवर्द्धनका लागि काम गर्ने इन्डोनेसियाको स्वायत्त आदिवासी युवा संगठन हो । हाल बिपानमा १५ देखि ३० वर्ष उमेरका ८००० भन्दा बढी सदस्यहरू छन् । सदस्यहरूसँग मिलेर बीपीएएनले विभिन्न तहमा एकता र आकांक्षाहरूलाई बढावा दिन्छ, रचनात्मक र आर्थिक स्वतन्त्रतालाई प्रोत्साहन दिन्छ, र परम्परागत ज्ञान र मूल्यहरूमा आधारित स्वदेशी विद्यालयहरू र पाठ्यक्रमहरू विकास गर्दछ । साथै बिपानले आदिवासी ज्ञान र अभ्यासहरूलाई दस्तावेजीकरण, प्रवर्द्धन र पुनरुत्थान गरेर इन्डोनेसियाको आदिवासी आन्दोलनका साथै क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा समेत सक्रिय रूपमा योगदान गर्दै आएको छ ।

**कम्बोडिया आदिवासी जनजाति गठबन्धन (सीआइपीए)**, सन् २०११ मा स्थापित आदिवासी समुदाय र जनताको संगठन, संघ र नेटवर्कहरूको एक गठबन्धन हो । २०१५ को अन्ततिर औपचारिकता पाएको यस गठबन्धनले कम्बोडियको पहिलो आदिवासी जनजाति सञ्जालका रुपमा आदिवासी जनजातिहरूको सामूहिक अधिकारको प्रवर्द्धन गर्न एकता र सहकार्यको लागि मञ्च उपलब्ध गराएको छ । यसमा छ वटा आदिवासी जनजाति संगठनहरू सदस्य छन् । उनीहरुको देशमा आदिवासी जनजातिहरुले सामना गर्नु परिरहेको समस्याहरूलाई सम्बोधन गर्न साझा दृष्टिकोण र रणनीति छ । सीआइपीए प्रत्येक आदिवासी जनजाति संगठनको व्यवस्थापन र संगठनात्मक विकासलाई बलियो बनाउन प्रतिबद्ध छ । साथै यसले आदिवासी जनजातिका सवालहरुमा राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा वकालत गर्दै आएको छ ।

**कम्बोडिया आदिवासी युवा संघ (सीआइवाइए)** को स्थापना कम्बोडियन आदिवासी विद्यार्थीहरूको समूहले सन् २००५ मा नोम पेन्हमा स्थापना गरेको हो । सीआइवाइएले अन्तर्राष्ट्रिय र राष्ट्रिय कानून, मानव अधिकार दस्तावेजीकरण र वकालत, शान्ति निर्माण, जवाफदेहिता, पारदर्शिता र निष्ठाका सवालमा आदिवासी युवाहरूको क्षमता विकासमा काम गर्दछ । यसमा कम्बोडियाका आठ प्रान्तका सदस्यहरू छन् । सबैले आदिवासी समुदायको भूमि अधिकारको संघर्ष, विशेषगरेर कृषि व्यवसाय र जलविद्युत परियोजनाहरूमा सक्रियताका साथ योगदान दिइरहेका छन् । यसमा लगभग ७५० जना सदस्यहरू छन् । त्यसमध्ये तीन सय जति सीआइवाइएको गतिविधिहरूमा संलग्न छन् र बाँकी कम्बोडियाका आठ प्रान्तहरूमा आधारित छन् र काम गर्छन् ।

**आदिवासी जनजाति अनुसन्धान शिक्षा र विकास केन्द्र (सिप्रेड)**, सन् २०११ मा नेपालको काठमाडौंमा स्थापना भएको एक गैर-नाफामूखी, गैर-सरकारी संस्था हो । प्राकृतिक श्रोत, पारिस्थितिकीय प्रणाली, जैविक विविधताको दिगो व्यवस्थापन र जलवायु परिवर्तन रेजिलिन्समा योगदान पुर्याउने आदिवासी जनजातिको परम्परागत संस्था र स्वशासन प्रणालीको मान्यता सुनिश्चित गर्न आदिवासी जनजाति, स्थानीय समुदाय, महिला र युवाहरूको आवश्यकता पूरा गर्न यो संस्था समर्पित छ । सिप्रेडले नेपालमा अनुसन्धान, शिक्षा र विकास पहलहरूमार्फत आदिवासी जनजातिको दिगो आत्मनिर्णित विकास (आइपीएसएसडीडी) को लक्ष्य पनि राखेको छ । सन् २०२३ मा सिप्रेडले काठमाडौं विश्वविद्यालयमा "आदिवासी शिक्षा र विकास" मा स्नातकोत्तर कार्यक्रम सुरु गर्न महत्वपूर्ण भूमिका खेलेको थियो ।

**सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल (फेकोफन)** नीति निर्माण प्रक्रियामा प्रयोगकर्ताको भूमिकालाई सुदृढ गर्न नेपालका सबै भागका वन प्रयोगकर्ताहरूलाई जोड्नुपर्छ भन्ने विचारबाट स्थापित संस्था हो । स् १९९५ मा यसको स्थापना भए हो । यसमा ७७ जिल्लाका लगभग एक करोड ४० लाख मानिसहरूको प्रतिनिधित्व रहेको छ । यो सबै वन प्रयोगकर्ताहरूको एक सामाजिक आन्दोलनको रुपमा विकास भएको छ । हालसम्म २२,४१५ सामुदायिक वन उपभोक्ता समूहले २९ लाख घरपरिवारमार्फत २३ लाख हेक्टरभन्दा बढी वन क्षेत्रको संरक्षण गर्दै आएको छ । यसबाहेक अन्य सामुदायिक वन व्यवस्थापन समूहहरू (जस्तै भाडामा लिएको वन समूह, धार्मिक वन समूह, मध्यवर्ती क्षेत्र र परम्परागत वन व्यवस्थापन समूहहरू) पनि फेकोफनसँग आबद्ध छन् ।

**कौम मुडा तानाह एयर (काटा) इन्डोनेसिया** , सन् २०२१ मा १९ वटा संगठनद्वारा सामाजिक, राजनीतिक, वातावरणीय र कृषि मुद्दाहरूसँग सम्बन्धित युवा आन्दोलनहरूलाई सुदृढ गर्न स्थापना गरिएको हो । यसले युवाहरुलाई आफ्नो विचार व्यक्त गर्न, ज्ञान र सीपहरू आदानप्रदान गर्न र एकता निर्माण गर्न सहज र सुरक्षित ठाउँहरू उपलब्ध गराउँदै उनीहरुको आकांक्षा, सहभागिता र भूमिकामार्फत विभिन्न निर्णय र सार्वजनिक नीतिहरूलाई प्रभाव पार्ने उद्देश्य राखेको छ । साथै युवाहरुका लागि विविध पक्षका सूचना सञ्जाल प्रदान गरेर उनीहरुको दिगो आर्थिक सशक्तिकरण अवसरहरू खोल्ने पनि उदेश्य राखेको छ । कौम मुडा तानाह एयर (काटा) इन्डोनेसियाले हरेक दुई वर्षमा युवा आवाज सर्वेक्षण, युवा परामर्श र सम्मेलनका गतिविधिहरू आयोजना गर्दछ । जस अन्तर्गत सन् २०२१ मा १०८३ जना युवाहरु जोडिए भने भने विभिन्न क्षेत्रहरुमा ५६१ युवाहरूलाई सक्रिय रहे ।

**कोन्सोर्सियम पेम्बारूआन एग्रारिया (केपीए) वा कृषि सुधारको लागि कन्सोर्टियम** , सन् १९९४ मा स्थापित एक इन्डोनेसियाली कृषि सुधार आन्दोलन हो । यसमा २३ प्रान्तका १३५ वटा जनसंस्था र गैरसरकारी संस्थाहरू समावेश छन् । त्यसमध्ये अधिकांश किसान युनियन, माछापालक संघ र आदिवासी जनजाति संगठनहरू रहेका छन् । यसले वास्तविक कृषि सुधारको कार्यान्वयनमार्फत कृषि न्याय र कल्याणको लागि लड्ने लक्ष्य राखेको छ । केपीएका मुख्य उद्देश्यहरूमा जनताको संगठन सुदृढीकरण, राष्ट्रिय नीति वकालत, द्वन्द्व समाधान र अनुसन्धान अभियानहरू सुदृढ पार्नु रहेका छन् । विगत २८ वर्षदेखि केपीए कृषि सुधारको सङ्घर्षमा अग्रमोर्चामा छ । यसले कृषि आपतकालीन प्रतिक्रिया प्रणाली स्थापना गर्न अन्य सामाजिक आन्दोलनहरूसँग सम्बन्ध स्थापित गरेको छ, जसमा युवा कार्यकर्ताहरूलाई अर्धन्यायिक तालिम दिनु समेत रहेको छ । केपीएको कार्यालय इन्डोनेसियाको जकार्तामा छ ।

**नीलगिरीस् विशेष जोखिमयुक्त जनजातीय समूह महासंघ (एनपीवीटीजीएफ),** सन् २०१४ मा भारतको तमिलनाडु राज्यको नीलगिरिस् बसोबास गर्ने ९ आदिवासी (आदिवासी जनजाति) समुदायका नेताहरूले स्थापना गरेको एउटा अधिकारमा आधारित पहल हो । यो आरक्षित वन, काठ उद्योग, चिया बगान, र पर्यटकीय क्षेत्र रहेको आदिवासी भूमिमा आधारित छ । एनपीवीटीजीएफ जोखिममा रहेका आदिवासी जनजाति समूहहरूको भूमि र वनको अधिकारको लागि वन अधिकार ऐनको कार्यान्वयनमा केन्द्रित रहअर लडिरहेको छ । विशेष गरेर जिल्लास्तरीय जनजाति विकास परिषदमा आदिवासी समुदायको प्रतिनिधित्वको अधिकार, आदिवासी भाषामा शिक्षाको अधिकार, र नीलगिरिसबाट अलग गरिएको भूमिको बारे जानकारीहरु सङ्कलन गर्ने कार्यमा प्रतिबद्ध रहेको छ ।

**आरइसीओएफटीसी** , बनको दीगो र समन्यायिक व्यवस्थापन गर्ने समुदायहरुको सम्मान र अधिकारका लागि काम गर्ने एक अन्तर्राष्ट्रिय गैर-नाफामुखी संस्था हो । यसले स्थानीय समुदायहरूलाई उनीहरूको भूमि र स्रोतमाथिको अधिकारहरू सुरक्षित गर्न, वन फँडानी रोक्न, वैकल्पिक जीविकोपार्जन खोज्न र लैङ्गिक समानताको पक्षपोषण गर्न दीर्घकालीन र समावेशी दृष्टिकोण अपनाउँछन् । मानिसहरू र बनबीच ३६ वर्षदेखि काम गरिरहेको अनुभव भएको आरइसीओएफटीसीले बहुपक्षीय संस्थाहरू, सरकारहरू, स्थानीय समुदायहरू र निजी क्षेत्रसहित सबै तहका साझेदारहरूसँग विश्वासिलो सम्बन्ध बनाएको छ । तिनीहरूको आविष्कार, ज्ञान र पहलहरूले राष्ट्रहरुलाई बन शासन सुधार गर्न, जलवायु परिवर्तनलाई न्यूनीकरण र अनुकूलन गर्न, संयुक्त राष्ट्रसंघको विश्वव्यापी लक्ष्यहरू प्राप्त गर्न, जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता र कुनमिङ-मोन्ट्रियल ग्लोबल जैविक विविधता कार्ययोजना कार्यान्वयन गर्न सक्षम बनाउँदछ । एशिया-प्रशान्त क्षेत्रमा काम गर्ने आरइसीओएफटीसीको कम्बोडिया, इन्डोनेसिया, लाओस, म्यानमार, नेपाल, थाइल्याण्ड र भियतनाम कार्यालयहरु रहेका छन् ।

**राइट्स एण्ड रिसोर्सेस इनिसिएटिभ (आरआरआइ),** आदिवासी जनजाति, अफ्रो-वंशज मानिसहरू, स्थानीय समुदायहरू र यी समुदायहरू भित्रका महिलाहरूको वन, भूमि र स्रोतमाथिको अधिकरका लागि पहल गर्न समर्पित १५० भन्दा बढी संस्थाहरूको विश्वव्यापी सञ्जाल हो । आफ्ना पहलहरुलाई थप प्रभावकारी बनाउन सदस्यहरुले एकअर्काको शक्ति, विशेषज्ञता र भौगोलिक पहुँचको उपयोग गर्छन् । आरआरआइले आफ्नो विश्वव्यापी सञ्जालको शक्तिलाई स्थानीय जनताको आवाज बुलन्द पार्न र उनीहरुको अधिकार प्राप्तिमा सघाउ पुर्याउन सरकार, बहुपक्षीय संस्थाहरू र निजी क्षेत्रलाई सक्रिय रूपमा संलग्न गराउनको लागि प्रयोग गर्छ । असुरक्षित भूमि र स्रोतमाथिको अधिकारबाट उत्पन्न हुने विश्वव्यापी खतराहरू र अवसरहरूको रणनीतिक बुझाइलाई अगाडि बढाएदै आरआरआइले व्यवसाय र विकासको लागि अधिकारमा आधारित दृष्टिकोणहरूको विकास र प्रवर्द्धन गर्दछ । ग्रामीण क्षेत्रमा स्वामित्वमा सुधार र दिगो स्रोत सुशासनका लागि प्रभावकारी समाधानहरूका लागि पनि उत्प्रेरित गर्दछ । मुख्य कार्यालय अमेरिकाको वाशिंगटन बीसीमा रहेको गैर-नाफमकूलक यो संस्था राइट्स एण्ड रिसोर्सेस ग्रुपद्वारा समन्वय गरिएको छ ।

**आरएमआइ – वन र वातावरणका लागि इन्डोनेसियाली संस्थान** , प्राकृतिक सम्पत्तिहरूको समुदायमा आधारित दिगो व्यवस्थापनमा केन्द्रित गैर-नाफामुखी संस्था हो । यसले दिगो जीविकोपार्जनका लागि भूमि र प्राकृतिक सम्पदामाथि महिला र पुरुषसहित जनताको सार्वभौमसत्ता अनुभूत गराउने लक्ष्य राखेको छ । सन् १९९२ मा स्थापना भएयता नै आरएमआइले स्थानीय जैविक विविधता र संस्कृतिमा आधारित सामुदायिक संगठन, अनुसन्धान, सार्वजनिक अभियान, नीति वकालत र कृषि उद्यमशीलता विकासका क्षेत्रमा काम गर्दै आएको छ । आरएमआइ आदिवासी जनजाति, युवा र भूमि, महिला र प्राकृतिक सम्पत्ति व्यवस्थापन, सामुदायिक नेतृत्व, शिक्षा र स्थानीय अर्थतन्त्र विकासलगायतका प्राथमिकताका क्षेत्रहरुमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका संस्थाहरूसँग विभिन्न गठबन्धन र सञ्जालहरुमा सामेल रहेर सक्रिय छ ।

**आदिवासी जनजातिहरूको युवा महासंघ (वाइएफआइएन)** ,नेपालका आदिवासी जनजाति युवाहरूको राष्ट्रिय स्तरको छाता संगठन हो । वाइएफआइएनको ५० वटा जिल्ला शाखाहरू रहेका छन् । ३० वटा स्वतन्त्र जातीय युवा संगठनहरू यस महासंघमा आबद्ध छन् । वाइएफआइएनले मुख्यतया समावेशीकरण, आदिवासी अधिकार, भूमि अधिकार, जलवायु परिवर्तन र अनुकूलन तथा दिगो विकास जस्ता आदिवासी युवा मुद्दाहरूमा काम गर्दछ । उनीहरूले नेपाल सरकारसमक्ष आदिवासी-मैत्री राष्ट्रिय युवा नीति र रणनीतिको लागि वकालत गर्दछ । आफ्ना लक्ष्यहरू पूरा गर्ने क्रममा वाइएफआइएनले प्रशिक्षण र क्षमता अभिवृद्धि कार्यक्रमहरू मार्फत सदस्य संस्था र जिल्ला शाखाहरूलाई निरन्तर सुदृढ गर्दै आइरहेको छ । वाइएफआइएनको कार्यालय नेपालको काठमाडौंमा छ ।

## उद्धृत गर्नका लागि सिफारिश

एशिया आदिवासी जनजाति युवा मञ्च, एशिया युवा आदिवासी जनजाति सञ्जाल, ब्यारिसन पेमुदा अदत नुसनतरा, कौम मुदा तना एर (केएटीए) इन्डोनेशिया, राइट्स एण्ड रिसोर्सेस इनिसिएटिभ, अलियानसी मस्यारकत अदत नुसनतरा, एशिया इण्डिनिजिनियस पीपल्स प्याक्ट, कम्बोडियाका आदिवासी जनजातिहरुको गठबन्धन, कम्बोडिया आदिवासी युवा संघ, आदिवासी जनजाति अनुसन्धान र विकास केन्द्र, नेपाल सामुदायिक वन उपभोक्ता महासंघ, कोन्सरसियोम पेम्बारुवान अग्रारिया, निलगीरीसका विशेष रुपले कमजोर जनजाति समूहको महासंघ, आरइसीओएफटीसी, आरएमआई-वन तथा वातावरण सम्बन्धी इन्डोनेशियन इन्स्टिच्युट, आदिवासी जनजाति युवा महासंघ । २०२३ । हाम्रा अग्रजहरुको सिक्ने र बाँच्ने प्रज्ञान: एशियाका भूमि, वन र भूक्षेत्रको लागि युवाशक्ति । राइट्स एण्ड रिसोर्सेस इनिसिएटिभ, वाशिङटन, डीसी ।


### PARTNERS

### SPONSORS



यहाँ प्रस्तुत गरिएका विचारहरुले यस कार्यलाई उदारतापूर्वक सहयोग गर्ने संस्थाहरुको धारणा प्रतिनिधित्व गर्नु आवश्यक छैन । यो कार्यलाई क्रिएटिभ कमन्स एट्रिब्युशन लाइसेन्स CC BY 4.0 अन्तर्गत इजाजतपत्र दिइएको छ ।



2445 M St NW, Suite 520, Washington, DC 20037

एशियाभरका युवाहरूले कसरी
आफ्ना सन्दर्भहरूको खोजी गर्छन्,
आफ्नो नेतृत्व निर्माण गर्छन्, आफ्ना
समुदायहरूलाई व्यवस्थित गर्छन् र
न्यायको लागि लड्छन् भन्ने बारे
जान्नुहोस् ।

